का.जि.प्र.का.द.नं. १००/०५९/६०

९ पुस २०८१,
मंगलबार
24 December, 2024
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक ३०५ । पृष्ठ १०    Madhyanha National Daily    www.madhyanhadaily.com

# जुट, फुट र गुटको चक्करमा कांग्रेस

'सभापतिले केही पनि सुन्दै नसुन्ने हो भने अप्ठ्यारोमा पर्छ । राजनीति गर्नेहरूलाई अप्ठ्यारो पर्छ, यो हामीले बुझ्न जरूरी छ'

■ **डा. शेखर कोइराला**
**नेता, नेपाली कांग्रेस**



**घनेन्द्र ओझा/मध्यान्ह**
काठमाडौं, ८ पुस ।

नेपाली कांग्रेसबारे आमरूपमा हुने साझा टिप्पणी हो- गुटैगुटको पार्टी । महाधिवेशनको समयमा यस्तो टिप्पणी अझ ज्यादा हुने गर्छ । कांग्रेसकै नेताहरूका अनुसार गुट बन्ने र भत्किने प्रक्रिया भने एउटा महाधिवेशनबाट अर्को महाधिवेशनसम्मै चलिरहेको हुन्छ ।

१४औं महाधिवेशनमा शेरबहादुर देउवासँग सभापतिमा पराजित पृष्ठ २ मा

'साइलेन्ट प्लेयर' शेरबहादुर देउवासँग डा. शेखर कोइरालाको टक्कर विगतमा झैं असफल होला वा सफल, त्यो जान्न भने १५औं महाधिवेशन कुर्नै पर्छ

## उपभोक्ता सचेत बनौं

- अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविक रूपमा बढी मूल्य वा कम तौलका वस्तु बिक्री गर्ने जस्ता कार्य गैह्र कानूनी हो,
- त्यस्ता गैह्रकानूनी कार्य भएको जानकारी पाउनासाथ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,
- सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# रवि निलम्बित आज बयान

- सम्पत्ति शुद्धीकरणको दफा २७ अनुसार निलम्बनमा
- छविको बयान सुरू, रविको आज हुने
- बयान सकिन ३-४ दिन लाग्ने
- न्यायिक प्रक्रियालाई सघाउने रास्वपाको निर्णय


**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ पुस ।

चितवन- २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य रवि लामिछाने स्वतः निलम्बनमा परेका छन् ।

प्रतिनिधिसभाका महासचिव पद्मप्रसाद पाण्डेयले सोमबार साँझ सूचना जारी गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्ड्रिङ) निवारण ऐन, २०६४ को दफा २७ अनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापतिसमेत रहेका लामिछाने स्वतः निलम्बनमा परेको उल्लेख छ । सो दफामा 'प्रचलित कानुनबमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्र सेवक यस ऐनबमोजिम थुनामा रहेकामा त्यसरी थुनामा रहेको अवधिभर र निज उपर दफा २२ बमोजिम मुद्दा दायर भएकामा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा पृष्ठ २ मा



# प्रश्नबाट पन्छिए पोखरेल



सहकारी ठगीमा जोडिएको भनेर आर्फैमाथि उठेको प्रश्नबाट संसदको सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेल पन्छिएका हुन्

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ पुस ।

संसद्को सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेल आफूमाथि लागेको मूल प्रश्नबाट पन्छिएका छन् । सोमबार बसेको समिति बैठकमा सांसदहरूले सहकारीको रकम अपचलनमा संलग्न रहेको आरोप लागेको भनेर सभापति पोखरेलसँग जबाफ मागे ।

सहकारीको रकम हिनामिनामा संलग्न रहेको आरोपमा पोखरेलकी श्रीमती अञ्जला कोइरालासहित २६ जनाविरुद्धको मुद्दा जिल्ला अदालत मोरङमा विचाराधीन छ ।

मोरङको उमागौरी कृषि सहकारी संस्थाको रकम हिनामिना गरेको आरोपमा गत २८ मंसिरमा मुद्दा दायर भए तापनि पोखरेलकी श्रीमती कोइराला फरार छन् । यो विषयमा प्रस्ट पार्न नेकपा एमालेकै सांसद योगेश भट्टराईले आग्रह गरे । उनले भनेका थिए, ' पक्कै पनि सभापतिज्यू जस्तो एउटा प्रतिष्ठित व्यक्तिले आफ्नो परिवारलाई लुकाएर, छिपाएर राख्ने कुरा भएन । सम्भव पनि छैन र गर्न पनि गरिँदैन ।'

भट्टराईले सभापतिकी श्रीमती अदालतमा हाजिर हुनुपर्नेमा पनि जोड दिए । 'सभापतिज्यूकी श्रीमती अदालतमा हाजिर हुन जानुहुन्छ । जानु पनि पर्छ । अदालतमा उहाँले आफ्नो सफाइ दिने हो । न्यायिक निरूपणमा आफ्नो सफाइ दिने हो । बाहिर चिच्याउँदै, कराउँदै हिँड्ने पनि होइन', भट्टराईले भने । कतिपयले त्यसमा सभापतिको समेत संलग्नता रहेको भनेर प्रश्न गरेकाले जबाफ दिन सुझाए । पृष्ठ २ मा

# अलपत्र अस्पताल : भवन छ, छैन सेवा

## निर्माण सम्पन्न भएका अस्पताल भवनहरू बजेट अभावले संचालनमा आउन सकेनन्



सरकारको ध्यानाकर्षण भएको छ । संघीय सरकारले भवन बनायो, जनशक्ति पठाएन । हामी छलफल गरेर निकास निकाल्छौं

● **चेतनारायण आचार्य**
**मुख्यमन्त्री, लुम्बिनी प्रदेश**



संघ सरकारको सहयोगमा भवन निर्माण भयो तर स्थानीय सरकारले त्यो बजेट थेग्न सक्दैन । कसरी संचालन गर्ने, समस्या छ

● **झबिलाल थापा**
**मेयर, भूमिकास्थान नगरपालिका**



भवन छ तर बिरामी जाँच्ने डाक्टर छैनन् । स्रोत छैन । अस्पताल भवनको स्याहारसुसार गर्ने जनशक्तिसमेत नभएपछि यी अस्पताल संचालन गर्न कठिन भएको छ

● **दलबहादुर भट्टराई**
**अध्यक्ष, मालारानी गाउँपालिका**

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाची, ८ पुस ।

अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-७ नुवाकोट चिदीचौर र मालारानी गाउँपालिका- ३ मा निर्माण भएका १५ शयचाको आधारभूत अस्पताल २ वर्षदेखि अलपत्र परेका छन् । अस्पताल भवन भए पनि जनशक्ति छैन । जनशक्ति नभएपछि स्थानीय सरकारले अस्पताल संचालन गर्ने सामार्थ्य राख्न सकेका छैनन् ।

भूमिकास्थान नगरपालिका र मालारानी गाउँपालिकाले आर्थिक अभावका कारण भवन संचालन गर्न नसकेपछि केन्द्र पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

## परराष्ट्र मन्त्रालयको ट्राभल एड्भाइजरी

# ४ देशको वैदेशिक रोजगारी उच्च जोखिममा

**मध्यान्ह सम्वाददाता**
काठमाडौं, ८ पुस ।

नेपाल सरकारले म्यान्मार, थाइल्यान्ड, कम्बोडिया, लाओसलगायतका मुलुकमा जान चाहने वा जाने तयारीमा रहेका नेपाली नागरिकलाई उचित ध्यान दिन र सावधानी अपनाउन अनुरोध गरेको छ ।

परराष्ट्र मन्त्रालयले सोमबार सूचना जारी गरी ती देशमा वैदेशिक रोजगारीमा जाने प्रयोजनका लागि भिजिट भिसामा यात्रा नगर्न अनुरोध गर्नुका साथै रोजगारीको प्रस्ताव स्वीकार गर्नुअघि विदेशस्थित सम्बन्धित नेपाली नियोगमार्फत विदेशी फर्म/कम्पनी/रोजगारदाताका बारेमा पर्याप्त जानकारी लिन तथा व्यक्तिगत रूपमा ती फर्म/कम्पनी/रोजगारदाताको वेबसाइट जाँच गर्न आग्रह गरिएको छ ।

हालका दिनमा मानव बेचबिखन एवं अन्य आपराधिक गतिविधिमा संलग्न गिरोहले नेपाली नागरिकलाई कम्बोडिया, लाओस र म्यान्मारमा लगेर जबर्जस्ती अवैध कार्यमा लगाउने, रोजगारदाताले राहदानी खोसिदिने, १२-१३ घण्टासम्म काममा लगाउने, चरम यातना दिने, तलब नदिनेलगायत समस्या बढेका छन् ।

यस विषयमा जानकारी गराउँदै नेपाली दूतावास यांगुन र बैंककमा उद्धारका लागि आवेदन गर्ने नेपालीको संख्या उल्लेखनीय रूपमा बढोत्तरी भइरहेको घटनाप्रति मन्त्रालयले ध्यानाकर्षण भएको जनाएको छ ।

मन्त्रालयले वैदेशिक रोजगारीमा लगाइदिने वा यस्तै प्रकृतिका अन्य प्रलोभनमा पारी ठूलो रकम लिई कुनै व्यक्तिलाई विदेशमा पुर्‍याई अलपत्र पार्ने एवं निषेध गरिएका कार्यमा संलग्न नहुन वा त्यस्ता गैरकानुनी कार्य नगर्न/नगराउन र यसतर्फ सचेत रहन सबैमा अनुरोध गरेको छ ।

साथै, मन्त्रालयले अनलाइन जुवा, कल सेन्टर-फ्रड, क्रिप्टो करेन्सी ठगी आदिमा संलग्न शंकास्पद आईटी फर्मले बैंककमा रोजगारीका अवसरको प्रलोभन देखाई युवालाई ठगी गरिरहेको र पीडितलाई पृष्ठ २ मा

## पोर्चुगलमा घुम्ती शिविरबाट ३ हजार बढीले लिए सेवा

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ८ पुस ।

पोर्चुगलमा संचालित घुम्ती सेवा शिविरबाट ३ हजारभन्दा बढी नेपालीले सेवा लिएका छन् । फ्रान्सस्थित नेपाली दूतावासको टोलीले राजधानी लिस्बनमा संचालन गरेको घुम्ती सेवाबाट झन्डै ३ हजार ३०० नेपालीले राहदानीलगायतका कागजात प्रमाणीकरणसम्बन्धी (कन्सुलर) सेवा



लिएको जनाइएको छ । घुम्ती सेवाबाट २ हजार ४५१ वटा विद्युतीय राहदानी (इ-पासपोर्ट) वितरण गरिएको पृष्ठ २ मा

### भूल सुधार


*मध्यान्ह दैनिकको अंक ३०४ मिति २०८१ पुस ८ गते प्रथम पृष्ठमा प्रकाशित 'संविधान संशोधनको गृहकार्यमा दलहरू' शीर्षकको समाचारमा देव गुरुङ र गगन थापाको तस्बिर अन्यथा परेकाले भूल सुधार गरिएको छ । यसबाट सम्बन्धित सबैमा पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं । सं.*

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# हुलाक कार्यालय खोटाङका प्रमुख आचार्य र उनका छोरा मृत फेला

**भक्तपुर/मस**-भक्तपुर सूर्यविनायक नगरपालिका-२ बालकोट फिकाधारास्थित एक घरमा बाबु छोरा मृत भेटिएका छन् । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेल घरभइ जिल्ला हुलाक कार्यालय खोटाङका निमित्त कार्यालय प्रमुख ५६ वर्षीय कुलप्रसाद आचार्य र उनका कान्छा छोरा २२ वर्षीय प्रवीण आचार्य सोमबार भाडाको घरको कोठामा मृत भेटिएका हुन् ।





जिल्ला प्रहरी परिसर भक्तपुरका प्रमुख एवं प्रहरी उपरीक्षक माधवप्रसाद बुढाथोकीका अनुसार दुई बाबुछोरा छुट्टाछुट्टै कोठामा मृत अवस्थामा भेटिए पनिसँगै बस्ने जेठा छोरा मिलन आचार्य भने सम्पर्कविहीन छन् ।

'दुवै कोठाको बाहिर ताल्चा लगाइएको छ, भित्र दुई जना मृत अवस्थामा भेटिएका छन् । मृतक दुवैको टाउको र शरीरका अंगमा चोट लागेकाले घट्ना हत्याका कारण भएको हुनसक्ने आधारमा हामीले अनुसन्धान अगाडि बढाएका छौँ', उनले भने, 'घटना भएपछि अपराध अनुसन्धान महाशाखालगायतको अनुसन्धान टोली, केएमसी अस्पताल दुवाकोटका फरेन्सिक चिकित्सक टोली र तालिमप्राप्त कुकुरसहित घटनास्थलमा अनुसन्धान सुरु गरेका छौँ ।'

छिमेकीले शनिबार साँझ तीनै जना बाबुछोरालाई सँगै खाना खाएको देखेपनि आइतबार दिनभरी र सोमबार पनि कोठा खुलेको नदेखेपछि प्रहरीलाई खबर गरिएको जनाइएको छ ।

जिल्ला हुलाक कार्यालय खोटाङका निमित्त कार्यालय प्रमुख आचार्य गत मंसिर २८ गते बिदा लिएर बालकोटस्थित छोरहरू बस्दै आएको कोठामा आएका बुझिएको छ । दुई भाई छोरामध्ये जेठा छोरा मिलन स्नातक तह उत्तीर्ण गरेर लोकसेवाको तयारी गर्दै गरेका र कान्छो छोरा प्रवीण भने विज्ञान संकायमा स्नातक अध्ययनरत रहेको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

प्रहरी उपरीक्षक बुढाथोकीले शव पोष्टमार्टमका लागि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगन्जमा पठाइएको र सम्पर्कविहीन रहेका मिलन सम्पर्कमा आएपछि घटनाको वास्तविकता खुल्ने बताए ।

**जुट...**

डा. शेखर कोइराला त्यसबेलैदेखि १५औं महाधिवेशनको तयारीमा छन् । स्थानीय तह, प्रदेश र प्रतिनिधिसभा सदस्य, राष्ट्रियसभा सदस्यको निर्वाचनमा आफू पक्षीय नेतालाई टिकट दिलाउनेदेखि सरकार बनाउन र भत्काउन गुटकै तर्फबाट भूमिका खेल्दै आएका डा. कोइराला पछिल्लो समय भने १५औं महाधिवेशनको तयारीमा केन्द्रित भएका छन् । फेरि सभापतिमा उठ्नेमा प्रस्ट रहेका डा. कोइराला आफूलाई खास कांग्रेसको नेतृत्वकर्ताको रूपमा प्रस्तुत गरिरहेका छन् र सभापति देउवाले गुटको मलजल गरेको बताइरहेका छन् ।

संस्थापक नेता कृष्णप्रसाद भट्टराईको १०१औं जन्मजयन्तीको अवसरमा सोमबार काठमाडौंमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै कोइरालाले सभापति देउवाले नै गुटलाई फस्टाउन मलजल गरेको आरोप लगाए ।

'अहिले पार्टीमा विचलन छ, हामीले स्वीकार्नुपर्छ । शेखर पनि भागबन्डामा लागेको कुरा यहाँ आयो, ६०/४० को भागबन्डा । भागबन्डा भनेर चुप लागेर बस्ने त होइन नि !', उनले भने ।

'सभापतिले केही पनि सुन्दै नसुन्ने हो भने अप्ठ्यारो पर्छ । राजनीति गर्नेहरूलाई अप्ठ्यारो पर्छ, यो हामीले बुझ्न जरुरी छ', कोइरालाले भने, 'सभापति किसुनजीको पनि अनुयायी हो । गुटलाई फस्टाइदिने काम उहाँले नै गर्दा अप्ठ्यारो परिस्थिति सिर्जना हुँदै रहेछ ।' नेपालको राजनीतिमा अग्रणी राजनीतिक दल हो नेपाली कांग्रेस । तत्कालीन जहानियाँ राणा शासनको जरो किलो उखेल्न भनेर भूमिगत रूपमा स्थापित पार्टी नेपाली कांग्रेसले राणा, पञ्चायतका निरंकुशता खेपेको मात्र छैन, २००७, २०४६ र २०६३ सालपछिका खुला प्रजातान्त्रिक परिवेशमा शासनसमेत गरेको छ ।

२००७ सालको क्रान्तिपछि र २०१५ सालको आमनिर्वाचनयता पटकपटक सत्ता सम्हालेको अनुभव पनि छ कांग्रेससँग ।

बी. पी. कोइराला, मातृकाप्रसाद कोइराला, सुवर्णशमशेर, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंहहरूले जन्माएर हुर्काएको कांग्रेसले नेपाली राजनीतिक आन्दोलनका अनेक चरणहरूमा आफूलाई अग्रमोर्चामा राखेर आन्दोलन सम्पन्न गरेको पनि छ ।

२०१५ सालमा भएको पहिलो आमनिर्वाचनबाट दुई तिहाइ बहुमत पाएको कांग्रेस राजा महेन्द्रको राजनीतिक चातुर्य र तुल्सी गिरीको खुराफाती खेलका सामु पराजित बन्यो । १ पुस २०१७ मा राजा महेन्द्रले दुई तिहाइ बहुमतप्राप्त सरकारका प्रधानमन्त्री बी. पी. कोइरालालगायत नेतालाई थुनामा हालेर प्रत्यक्ष शासन सुरु गरेपछि कांग्रेस प्रतिबन्धित भयो । निर्दलीय पञ्चायत सुरु भयो ।

३० वर्षसम्म निर्दलीय र निरंकुश पञ्चायती व्यवस्था कायम रहँदा पनि कांग्रेसले पटकपटक अनेक विरोध र आन्दोलन जारी राख्यो । २०४६ सालमा आएर संयुक्त वाम मोर्चा बनाएर वामपन्थीहरू तथा कांग्रेस मिलेर पञ्चायतविरुद्ध आन्दोलन गरेपछि निर्दलीय पञ्चायतले घुँडा टेक्यो । पुनः प्रजातन्त्र प्राप्त भयो । यसपछि पनि कहिले एकमना त कहिले संयुक्त सरकारको नेतृत्व पटकपटक गरेको कांग्रेस अहिले पनि सत्ताको केन्द्र भागतिरै छ । नेकपा एमालेसँगको संयुक्त सरकारमा रहेको कांग्रेस सत्तारूढ पार्टी हो अहिले ।

**जस्तो इतिहास उस्तै वर्तमान**

कांग्रेसको स्थापनादेखि नै यसभित्र व्यक्ति गुट चलायमान रहेका पाइन्छ । खासमा यसको स्थापनाकै क्रममा एकातिर सुवर्णशम्शेरको कांग्रेस र अर्कातर्फ बी. पी.को कांग्रेस देखिन्छन् । यी दुवैको संयोजनमा नेपाली कांग्रेस स्थापना भएको पाइन्छ ।

स्थापनाकालको गुटबन्दीको रोग हालसम्म पनि कांग्रेसमा जीवित छ ।

कांग्रेसको इतिहास हेर्ने हो भने स्थापनाकालदेखि नै कांग्रेसमा जुटभन्दा गुटको राजनीतिले प्रश्रय पाउँदै आएको छ । स्थापनाको केही समयपछि नै संस्थापकहरू, जो दाजुभाइ पनि हुन्, बी. पी. र मातृकाप्रसाद कोइरालाबीच तनाव सुरु भयो । पार्टी सभापति र प्रधानमन्त्री आफैं भएको देखी सहेनन् बी. पी.ले दाजु मातृकालाई । यही भएर उनले दाजुमाथि नै प्रहार सुरु गरे ।

मातृका राजातिर मिल्न गए भने बी. पी.ले पार्टी नेतृत्व सम्हाले । तर, केही समयपछि पुनः सुवर्णशम्शेर र बी. पी.बीच पनि मनमुटाव सुरु भयो । यसले कांग्रेसलाई कमजोर बनाउँदै लग्यो । यस्ता फुट र गुटका बीच पञ्चायत सुरु भयो । यसबीचमा पनि कांग्रेस नेतृत्वमा अघोषित शीतयुद्ध जारी रह्यो । पक्ष-पक्षमा विभाजित हुने क्रम निरन्तर रह्यो कांग्रेसभित्र ।

बीपीको मृत्युपछि पनि कांग्रेसभित्र गिरिजाप्रसाद, कृष्णप्रसाद, गणेशमानलगायतका बीच शीतयुद्ध जारी रह्यो । पछिल्लो समय शेरबहादुर देउवा र गिरिजाप्रसाद कोइरालाबीचको टकरावले पार्टी विभाजनसम्म पुर्‍यायो ।

अहिले गिरिजाप्रसाद, कृष्णप्रसाद, गणेशमानलगायतका संस्थापक नेताहरू छैनन् तर दोस्रो पुस्ताका नेताहरू देउवा, डा. शेखर कोइराला, डा. शशांक कोइरालासँगै कृष्णप्रसाद सिटौला पनि आफ्नै गुट बनाएर अघि बढिरहेको अवस्था छ । यसबीचमा रामचन्द्र पौडेल भने राष्ट्रपति बनेपछि सक्रिय राजनीतिमा देखिएका छैनन् ।

अहिले कांग्रेस १४औं महाधिवेशनपछि १५औं महाधिवेशनको संघारमा छ । नेपाली कांग्रेसले यसबीचमा विभागहरू गठन गर्न सकस भयो भने भ्रातृ संगठनहरूलाई पनि गति दिन नसकिरहेको अवस्था छ ।

नेपाली कांग्रेस संस्थापन पक्षले इतर पक्षलाई बेवास्ता गरेको भन्दै डा. शेखर कोइराला पक्ष असन्तुष्ट भई समानान्तर गतिविधि गर्न लागेको छ ।

सभापति शेरबहादुर देउवाले केही समयअघि कोशी प्रदेशमा राखेको भेलालाई कोइरालाले बहिस्कार मात्र गरेनन्, आफ्ना पक्षका पालिकाका नेताहरूको छुट्टै भेला गरे ।

डा. शेखर कोइराला आफ्नो पक्षमा मत बढाउन देश दौडाहमा निस्कने तयारीमा छन् । पूर्व र सुदूरपश्चिमको भ्रमण गरिसकेका छन् उनले ।

कोइराला आगामी महाधिवेशनमा पार्टी सभापतिमा जितेर कोइराला परिवारको विरासत कांग्रेसमा फर्काउने सक्दो प्रयासमा देखिन्छन् । यद्यपि, 'साइलेन्ट प्लेयर' मानिने वर्तमान सभापति शेरबहादुर देउवासँग कोइरालाको टक्कर विगतमा झैं असफल होला वा सफल, त्यो जान्न भने १५औं महाधिवेशन कुर्नै पर्छ ।

**प्रश्नबाट...**

भट्टराईले भने, 'सभापतिज्यूले आफ्नो स्पष्टीकरण दिनुपर्ने यो फोरम होइन तर पनि कुरा उठेको छ भने सभापतिको आफ्नो केही कुरा भन्न सक्नुहुन्छ । म अनुरोध गर्दछु- भन्नुहोस् प्रस्ट बनाइदिनुहोस् ।'

नेकपा माओवादी केन्द्रका सांसद अमनलाल मोदीले पनि जबाफ मागे । 'सहकारीको विषय तपाईंको परिवारसँग जोडिएको छ । कहीं न कहीं तपाईंसँग पनि जोडिन्छ', उनले भने, 'प्रश्न उठेपछि बोल्नुपर्ने हुन्छ । जबाफ दिनुपर्ने हुन्छ ।'

तर, सभापति पोखरेल संविधान र कानुनमा विश्वास गर्ने भन्दै प्रश्नबाट पन्छिए । सभापति पोखरेलले भनेका छन्, 'विषय कानुनी प्रक्रियामा छ, सबै परीक्षामा सामेल हुन तयार छु । नेपालको संविधान, कानुनमा विश्वास राख्न चाहन्छु ।'

अर्थात्, आफूमाथि सांसदहरूले गम्भीर प्रश्न उठाएका भनेर जबाफ दिए तापनि सभापति पोखरेल प्रश्नबाट पन्छिए बरु बेरुजुमाथिको छलफल अगाडि बढाउने योजना रहेको भनेर विषयान्तर गरे ।

महालेखाको प्रतिवेदनले औंल्याएका बेरुजुको प्रगति समीक्षाबारे आगामी १५ दिनसम्म निरन्तर छलफल गर्ने र त्यसलाई अन्तिम रूप दिएर अगाडि बढ्न आवश्यक रहेको बताए ।

४ महिनापछि सार्वजनिक लेखा समितिको बैठक बसेको हो ।

बैठकमा सांसदहरूले सुशासन र भ्रष्टाचारसँग जोडिएका विषयमा छलफल गर्नुपर्ने र प्रधानमन्त्री, मन्त्रीलाई समितिमा बोलाएर छलफल गर्नुपर्ने माग राखेका थिए । माओवादी सांसद मोदीले गिरी बन्धु टी स्टेटको विषय, टीकापुरको जग्गाको विषय, त्रिभुवन विश्वविद्यालयको जग्गा, बालुवाटार जग्गाको अनियमितताको विषयमा उजुरीसमेत परेको भनेर समितिमा छलफलको माग राखेका थिए । तर, यी मागमा सभापति पोखरेल मौन रहे ।

**रवि...**

राष्ट्र सेवक स्वतः निलम्बन भएको मानिन्छ' भन्ने व्यवस्था रहेको सूचनामा उल्लेख छ । सोही कानुनी व्यवस्थाबमोजिम सूचना जारी गरिएको महासचिव पाण्डेयले उल्लेख गरेका छन् । जिल्ला प्रहरी कार्यालय कास्कीले आइतबार सभामुखलाई पत्र लेखी चितवन- २ बाट निर्वाचित लामिछानेविरुद्ध कास्की जिल्ला अदालतमा मुद्दा दायर गरिएको जानकारी दिएको थियो ।

'प्रचलित कानुनबमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्र सेवक यस ऐनबमोजिम थुनामा रहेकोमा त्यसरी थुनामा रहेको अवधिभर र निज उपर दफा २२ बमोजिम मुद्दा दायर भएकोमा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्र सेवक स्वतः निलम्बन भएको मानिने छ', सम्पत्ति शुद्धीकरणको दफा २७ मा भनिएको छ ।

पत्रमा सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाको पूरक अभियोगपत्र दर्ता भएको जनाइएको छ । सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा २७ को प्रयोजनार्थ जानकारीका लागि अनुरोध गरिएको प्रहरीले सभामुखलाई लेखेको पत्रमा उल्लेख छ ।

प्रतिनिधिसभा, नेपाल प्रहरी प्रधान कार्यालय, गण्डकी प्रदेश प्रहरी कार्यालय, नेपाल प्रहरी प्रदेश कार्यालय, अवरोध जाहेरी शाखा गण्डकीलाई पनि बोधार्थ दिई कास्की प्रहरीले सभामुखलाई पत्र लेखको थियो । लामिछानेलाई सहकारी ठगीसँगै सम्पत्ति शुद्धीकरणमा २७ करोड ८९ लाख ४४ हजार ७०५ रुपैयाँ बिगो माग गरिएको छ । लामिछानेसँग सहकारी ठगी र सम्पत्ति शुद्धीकरणमा गरी कुल ३० करोड ७१ लाखभन्दा बढी बिगो माग दाबी भएको छ । २ कात्तिकमा पक्राउ परेका लामिछानेविरूद्ध आइतबार अदालतमा मुद्दा दर्ता गरिएको थियो ।

**बयान सुरु**

लामिछानेसहितको मुद्दा जिल्ला अदालतमा दर्ता भएपछि बयान प्रक्रिया सुरु भएको छ । अदालतमा सोमबार गोरखा मिडिया प्रा. लि.का संचालक छविलाल जोशीको बयान सुरु भएको छ । उनको बयान नसकिएका कारण मंगलबार सुरुमा उनकै बयान हुने छ ।

कास्की जिल्ला अदालतका न्यायाधीश नीतिज राईको इजलासमा सुरु भएको बयानमा मुद्दासँग सम्बन्धित प्रश्न सोध्ने र जबाफ लिने काम भइरहेको छ । सोमबार छविको बयान पूरा नभएको अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिए । अदालतमा छविको बयान सकिएपछि अन्य अभियुक्तको बयान हुने र बयान सकिएपछि थुनछेक बहस हुने छ । सोमबार बयानका लागि लामिछाने र छविसहित ५ जनालाई अदालतमा उपस्थित गराइएको थियो । जोशीको बयान सकिएपछि अन्य ४ जनाको बयान हुने छ । बयान सकिन मात्रै ३-४ दिन लाग्ने जनाइएको छ ।

सूर्यदर्शन सहकारी ठगी प्रकरणमा लामिछाने, छविसहित ५१ जनालाई प्रतिवादी बनाइएको छ । सहकारी ठगीको मुख्य नाइके मानिएका जी. बी. राई भने हालसम्म फरार छन् । प्रतिवादी छविले आफूले सहकारीको १ पैसा पनि नलिएको बयानका क्रममा बताएका छन् ।

**अर्याल कार्यबाहक सभापति**

रास्वपाले उपसभापति डी. पी. अर्याललाई कार्यबाहक सभापतिको जिम्मेवारी दिएको छ । सोमबार बसेको रास्वपा सचिवालयको भर्चुअल बैठकले कार्यबाहक सभापतिको जिम्मेवारी उपसभापति अर्याललाई दिने निर्णय गरेको हो । सभापति लामिछानेले पार्टीको कार्यबाहक सभापति अर्याललाई दिने पत्र पठाएको र उक्त प्रस्ताव पार्टीको सचिवालय बैठकले अनुमोदन गरेको रास्वपा प्रमुख सचेतक सन्तोष परियारले जानकारी दिए । सचिवालय बैठकमा केन्द्रीय समिति बैठक चाँडै बस्नेबारे छलफल गरेको पनि प्रमुख सचेतक परियारले बताए ।

पार्टी विधान, २०७९ (संशोधन, २०८१) को धारा २५(४) (क) (९) बमोजिम ६ पुसमा पार्टी सभापति लामिछानेले अर्याललाई कार्यबाहक सभापति तोकेको जारी विज्ञप्तिमा उल्लेख छ । यस्तै, रास्वपाले लामिछानेको पक्राउका विषयमा अदालतको न्यायिक प्रक्रियालाई सघाउने पनि बताएको छ । बैठकले कास्की प्रहरीको हिरासतमा रहेका सभापति लामिछानेको न्यायिक प्रक्रियालाई पूर्ण रूपमा सघाएर जाने निर्णय गरेको हो ।

प्रहरी हिरासतमा रहँदासमेत कार्यबाहकको जिम्मेवारी नदिएको भनी आलोचना भइरहेको अवस्थामा अर्याललाई कार्यबाहकको भूमिका दिइएको हो । रास्वपाको विधानअनुसार उमेरले ज्येष्ठ उपसभापति कार्यबाहकको भूमिकामा रहन्छन् । रास्वपाका अर्का उपसभापति डा. स्वर्णिम वाग्लेको सहमतिमै अर्याललाई कार्यबाहकको जिम्मेवारी दिइएको हो । लामिछाने सांसदबाट निलम्बित भएपछि रास्वपा संसदीय दलले पनि नयाँ नेता चुन्नुपर्ने छ । संसदीय दलको बैठक तत्काल बोलाइएको छैन ।

त्यसअघि रास्वपा सांसदहरूले सभामुख देवराज घिमिरेलाई भेटेर पार्टी सभापति लामिछानेको सांसद पद निलम्बन नगर्न आग्रह गरेका थिए ।

सभामुखको कार्यकक्षमा पुगेर रास्वपा सांसदहरू सन्तोष परियार, सोविता गौतम र गणेश पराजुलीले सभापति लामिछानेलाई निलम्बन नगर्न ध्यानाकर्षण गराएका थिए ।

भेटमा सभामुखले कानुनी प्रक्रिया हेरेर निर्णय लिने जबाफ दिएका थिए ।

**अलपत्र...**

सरकारको करोडौं रुपैयाँ लागतमा बनेका सुविधा सम्पन्न अस्पतालका भवन अलपत्र परेका हुन् ।

भवन निर्माण भए पनि आन्तरिक स्रोत न्यूनतम भएका यी २ पालिकामा निर्माण भएका भवनहरू अस्पताल संचालनका लागि वार्षिक रूपमा आवश्यक पर्ने न्यूनतम खर्च जुटाउने अवस्थामा स्थानीय सरकार नभएपछि संचालन गर्न नसकिएको भूमिकास्थान नगरपालिकाका मेयर झबिलाल थापा बताउँछन् ।

पटकपटक संघीय सरकार र प्रदेश सरकारलाई अनुरोध गरे पनि कुनै चासो नदिएका कारण अस्पताल संचालन गर्न कठिन भएको मेयर थापा गुनासो गर्छन् । थापा भन्छन्, 'संघ सरकारको सहयोगमा भवन निर्माण भयो तर स्थानीय सरकारले त्यो बजेट थेग्न सक्दैन । कसरी संचालन गर्ने, समस्या छ ।' सरकारको मापदण्ड र अस्पतालका लागि आवश्यक पर्ने विषय विशेषज्ञ डाक्टरसहितको जनशक्ति, तोकिएको प्रयोगशालालगायतका सेवा दिनेगरी स्थानीय तहले थेग्नै नसक्ने र यसमा माथिल्लो सरकारको ध्यान जान जरुरी रहेको उनको भनाइ छ ।

पूर्वमेयर रेशम थापा भन्छन्, 'केन्द्र सरकारबाट बजेट पारेर अस्पताल निर्माण गरियो तर संचालनको सम्भावना र आवश्यकताको पूर्वयोजना नहुँदा संचालन गर्न नसकिने समस्या छ ।' यसका लागि पहल गर्ने निर्वाचित जनप्रतिनिधिले नै हो भन्दै थापाले भने, 'उहाँहरू पैसा नभएको बहानामा उम्कनु गलत हुन्छ ।' अस्पताल संचालनका लागि धेरै पहल गरिएको तर सम्भव नभएको भन्दै थापाले अहिले प्रदेश मुख्यमन्त्री यसै जिल्लाका भएपछि केही होला भन्ने आशा व्यक्त गरे । केन्द्रका स्वास्थ्यमन्त्रीसँग चिठी पत्र, डेलिगेसन गएर अनुरोध गरेका भए पनि छिनछिनको सरकार परिवर्तनले पनि प्रभावित बनाएको उनले बताए । 'यो स्थानीय तहले मात्र संचालन गर्न सक्ने अस्पताल होइन, हामी सबैले पहल गर्नुपर्छ', थापाको भनाइ छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्थानीय तहमा स्थापना हुने ५, १० र १५ शयचाका अस्पतालको संरचना र सेवाको मापदण्ड तोकेको थियो । सो मापदण्डअनुसार १५ शयचाको अस्पतालका लागि नवौं तह वा दशौं तहको मेडिकल जनरलिस्ट, फिजिसियन चिकित्सक हुनुपर्छ ।

उपचारात्मक सेवा, निदानात्मक सेवा, अस्पताल व्यवस्थापन (प्रशासन एकाइ) अनिवार्य आवश्यक पर्छ । यसैगरी अस्पतालमा बहिरंग सेवा, प्रयोगशाला सेवा, ल्याब टेक्निसियन, कविराज आयुर्वेद, रेडियोलोजिस्ट सेवा, आकस्मिक सेवा, अन्तरंग सेवा र अस्पताल फार्मेसी हुनुपर्ने मापदण्डमा स्पष्ट उल्लेख गरिएको छ ।

सोही मापदण्डअनुसार नगरपालिकाले अस्पताल संचालन गर्न नसक्दा निर्माण सम्पन्न भएका सुविधा सम्पन्न भवनहरू अलपत्र परेका छन् । बिरामीहरू सामान्य उपचारका लागि सदरमुकाम सन्धिखर्क जानुपर्ने बाध्यता छ ।

अस्पतालका लागि सरकारले ३० जनाको दरबन्दी मापदण्डमा तोकेको छ । गाउँपालिकाहरूमा सुविधा सम्पन्न भवन बनाउने अन्य स्रोत सरकारले व्यवस्थापन गर्न नसक्दा अस्पताल संचालन गर्ने पालिकासँग क्षमता नभएको मालारानी गाउँपालिकाका अध्यक्ष दलबहादुर भट्टराई बताउँछन् । मालारानी गाउँपालिकामा पनि भूमिकास्थान नगरपालिकाको जस्तै समस्या छ । 'भवन छ तर बिरामी जाँच्ने डाक्टर छैनन् । स्रोत छैन । अस्पताल भवनको स्याहारसुसार गर्ने जनशक्तिसमेत नभएपछि यी अस्पताल संचालन गर्न कठिन भएको छ', उनको भनाइ छ ।

अस्पताल भवन संचालन हुन नसकेको विषयमा लुम्बिनी प्रदेश सरकारको ध्यानाकर्षण भएको लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री चेतनारायण आचार्यले बताए । उनले भने, 'सरकारको ध्यानाकर्षण भएको छ । संघीय सरकारले भवन बनायो, जनशक्ति पठाएन । हामी छलफल गरेर निकास निकाल्छौं ।'

**४ देशको...**

गैरकानुनी रूपमा बैंकक हुँदै कम्बोडिया, लाओस र म्यान्मार लगी बन्दी बनाएर काम गर्न लगाइएको पाइएकाले त्यस्ता प्रलोभनमा नपर्न आग्रह गरेको छ ।

उल्लिखित विषयलगायतका सम्बन्धमा कुनै जानकारी लिनुपरेमा नेपाली दूतावास, यांगुनका द्वितीय सचिव गंगा सुन्दासको टेलिफोन नम्बर +९५-०१-९५४५८८०/०१- ९५५७१६८ र हटलाइन/भाइबर/ह्वाट्सएप नं. +९५ ९२५१२४२०५१ तथा नेपाली दूतावास, बैंकक‌का प्रथम सचिव खगराज पाण्डेको टेलिफोन नम्बर +६६८६९९१५५५४ (ह्वाट्सएप)लाई सम्पर्क गर्न अनुरोध गरिएको छ ।

यसअघि थाइल्यान्ड र म्यान्मारमा प्रलोभन देखाई नेपालमा रहेका तथा वैदेशिक रोजगारी र अध्ययनको शिलशिलामा यूएईलगायत मुलुकमा रहेका नेपालीलाई थाइल्यान्डको बैंकक र यांगुनको अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गराई विभिन्न माध्यमबाट म्यान्मारको कायिन प्रान्तको म्यावडीमा लगी जबर्जस्ती अवैध कार्यमा लगाइएको घटना सार्वजनिक भएको थियो । उक्त विषयका सन्दर्भमा मन्त्रालयबाट २०७९ पुसमा यात्रासम्बन्धी सूचना जारी गरेपछि प्रलोभनमा परी उक्त क्षेत्रमा जाने नेपाली नागरिकको संख्यामा कमी आएको थियो ।

**पोर्चुगलमा...**

टोलीले जनाएको छ । शिविरबाट ६७८ वटा प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट), २२९ वटा अन्य कागजात प्रमाणीकरण र राहदानी वितरण गरी झन्डै ३ हजार ३०० सेवाग्राहीलाई सेवा प्रदान गरिएको फ्रान्सका लागि नेपाली राजदूत सुधीर भट्टराईले जानकारी दिए । शिविरबाट ७७ हजार ३९० युरो अर्थात् १ करोड ९ लाख ११ हजार ९०० रुपैयाँ राजस्व संकलन भएको राजदूत भट्टराईले बताए । राहदानीको पर्खाइमा रहेका र प्रहरी रिपोर्टलगायतका कागजात प्रमाणीकरणको समस्यामा परेका पोर्चुगलवासी नेपालीको सहजताका लागि घुम्ती शिविरमार्फत सेवा प्रदान गरिएको उनले बताए । 'दूतावासको साधन र स्रोतले भ्याएसम्म पोर्चुगलवासी नेपालीलाई विशेष प्राथमिकता दिएर सेवा दिन प्रयत्नशील छौं', राजदूत भट्टराईले भने, 'यस वर्ष २०२४ मा मात्रै पोर्चुगलमा ४ पटक घुम्ती शिविर संचालन गर्‍यौं । पेरिसबाटै पनि छिटो छरितो सेवा दिन लागिपरेका छौं ।' आगामी दिनमा पनि आवश्यकताअनुसार पोर्चुगलमा टोली खटाएर सेवा प्रवाह गरिने उनले बताए ।

१० दिनसम्म संचालन भएको शिविरबाट राहदानी वितरण र कागजात प्रमाणीकरणसम्बन्धी (कन्सुलर) सेवा प्रवाह गरिएको थियो । घुम्ती सेवामा दूतावासकी नियोग उपप्रमुख सीता बस्नेत, तृतीय सचिव दीपेन्द्रप्रसाद साह र दूतावासका स्थानीय कर्मचारी खटिएका थिए । टोलीले १२ देखि २१ डिसेम्बरसम्म लिस्बनबाट कन्सुलर सेवा प्रदान गरेको थियो । घुम्ती सेवालाई यहाँ क्रियाशील नेपाली संघसंस्थाले समन्वय र सहजीकरण गरेका थिए । घुम्ती शिविरमार्फत लिस्बनबाटै सेवा पाउँदा राहदानीको पर्खाइमा रहेका र प्रहरी रिपोर्टलगायतका कागजात प्रमाणीकरणको समस्यामा परेका नेपालीलाई राहत मिलेको छ ।


# Koshi Rural Municipality
# Office of Rural Municipal Executive

**Laukahi, Sunsari**
**Koshi Province, Nepal**

## Invitation for Bids

**Second Date of Publication: December 24, 2024 (2081.09.09)**

1. Koshi Rural Municipality, Laukahi, Sunsari invites electronic bids from eligible bidders for the following Sealed Quotation.

| S. N. | Contract Identification Number | Description of Work/Goods | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 01/KOSHI/SQ/GO/2081-082 | Procurement and Supply of Medicines and Surgical Items. | 65,000.00 | 75 days from date of bid opening | 1,000.00 |

| | |
|---|---|
| Deadline for bid submission | January 8, 2025 (2081.09.24) till 12:00 hours. |
| Date, time and place of bid opening | January 8, 2025 (2081.09.24) on 13:00 hours at Koshi Rural Municipality, Sunsari. |
| 1. Bank Account details for bid document fee | System Account Name: GA 1.1 KOSHI GA.PA. AANTARIK RAJASHO KHATA<br>Account no.: 29101400000079<br>Name of Bank: Nepal Investment Mega Bank Ltd., Laukahi Branch |
| Account details for bid security amount | System Account Name: GA 3 KOSHI GA.PA. DHARAUTI KHATA<br>Account no.: 29101400000147<br>Name of Bank: Nepal Investment Mega Bank Ltd., Laukahi Branch |

2. Interested eligible bidders may obtain further information from Koshi Rural Municipality, Laukahi, Sunsari at office hours or may visit E-procurement section of PPMO's Website: https://www.bolpatra.gov.np/egp/
3. Bidding document is available online and can be downloaded from website: https://www.bolpatra.gov.np/egp/ and bidders have to submit their bids through e-GP system of PPMO website: https://www.bolpatra.gov.np/egp/ as specified in instruction to bidder.
4. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# काठमाडौं विश्वविद्यालय र धुलिखेल अस्पतालबीच सहजीकरण समिति गठन




**काठमाडौं/मस–** काठमाडौं विश्वविद्यालयको ९८औं सभाको सोमबारको बैठकले सो विश्वविद्यालय र धुलिखेल अस्पतालबीचको आपसी समस्याबारे समाधानसहितको प्रस्ताव तयार गर्न राष्ट्रिय योजना आयोगका सदस्य गीताकुमारी पौड्याल अधिकारीको संयोजकत्वमा सात सदस्यीय सहजीकरण समिति गठन गरेको छ । विश्वविद्यालयका कुलपति एवं प्रधानमन्त्री केपी शर्मा ओलीका अध्यक्षतामा सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकले थप गृहकार्य र सम्बन्धित पक्षसँग संवाद गरी आगामी माघ ४ गते बस्ने सिनेट बैठकमा विधिवत् प्रतिवेदन पेस गर्न समितिलाई अख्तियारी दिएको हो ।

समितिमा विश्वविद्यालयका तर्फबाट उपकुलपति प्रा.डा.भोला थापा, स्कुल अफ मेडिकल साइन्सेसका डीन प्रा.डा.मनोज हुमागाईं, स्कुल अफ लका डीन डा.ऋषिकेश वाग्ले तथा अस्पतालका तर्फबाट कार्यकारी निर्देशक डा. रामकण्ठ माकजु श्रेष्ठ, प्रशासकीय निर्देशक डा.विराजमान कर्माचार्य र अनुसन्धान निर्देशक प्रा.डा.राजीब श्रेष्ठ रहेका छन् ।

विसं. २०५९ चैत १९ गतेको आपसी सम्झौताका आधारमा सहकार्यमा रहेका ती संस्थाबीच बेमेल देखिएपछि गत साउन ३० गतेको ९७औं सभामा कुलपतिका एवं प्रधानमन्त्री ओलीले आपसी संवादबाट समाधान खोज्न गरेको प्रस्ताव पारित भएको थियो । यसबीचमा शिक्षा विज्ञान तथा प्रविधिमन्त्री एवं सहकुलपति विद्या भट्टराईको संयोजनमा दुवै पक्षलाई संवाद र सहमतिको विन्दुमा ल्याउन भएका पहल र समाधानको विकल्पका विविध पक्षबारे बैठकमा छलफल भएको थियो ।

आर्थिक र कर्मचारी नियमावलीसँग बाझिने गरी विश्वविद्यालयले एकपक्षीयरुपमा निर्णयहरु गरेको भन्दै अस्पतालले असन्तुष्टि जनाएपछि विवाद उत्पन्न भएको थियो । यसैबीच, विश्वविद्यालयको पछिल्लो दीक्षान्तको ग्रेस लिष्टमा अनुत्तिर्ण सात विद्यार्थीको नाम समावेश भएको पाइएकाले सोमबारको बैठकले ग्रेस लिष्ट सच्याइने निर्णय गरेको छ । विश्वविद्यालयका रजिष्ट्रार डा.अच्युतप्रसाद वाग्लेले ती विद्यार्थीको नाम कसरी सूचीमा पर्न गयो भन्नेबारेमा छानबिन सुरु भएको र ती विद्यार्थीले प्रमाणपत्र नलिएको बैठकलाई जानकारी गराए ।

# ‘अन्तर्राष्ट्रिय अदालतमा जलवायु न्याय मागका लागि आधारहरू प्रस्तुत गरें’



**काठमाडौं/मस–** परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा युरोपका केही देश र भारतको करिब दुई हप्ता लामो भ्रमण सकेर सोमबार स्वदेश फर्किएकी छन् । स्वदेश फर्किएपछि सोमबार साँझ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै उनले आफूले युरोपमा महत्वपूर्ण भेटघाट तथा वार्ता गरेको र नेदरल्यान्डको हेगमा अवस्थित अन्तर्राष्ट्रिय अदालतमा नेपालका तर्फबाट जलवायु न्याय मागका लागि आधारहरू प्रस्तुत गरेको जानकारी दिइन् । मन्त्री डा.राणा गत मंसिर २२ मा युरोपतर्फ लागेकी थिइन् । उनको यो भ्रमणको मुख्य उद्देश्य जलवायु परिवर्तनका कारण नेपाललाई परेको असर र पाउनुपर्ने क्षतिपूर्तिबारे नेपालका तर्फबाट प्रस्तुति दिने रहेको जनाइएको छ । उनले आफू र आफ्नो नेतृत्वको प्रतिनिधिमण्डलले गत मंसिर २४ मा सो अदालतमा यस विषयमा कुरा उठाएको बताइन् ।

मन्त्री डा.राणाले अन्तर्राष्ट्रिय अदालतमा नेपालले पहिलो पटक जलवायु परिवर्तनको वर्तमान अवस्था र यसका कारण नेपालमा परेको असरका बारेमा आफ्नो अवस्था दर्शाउँदै जलवायु न्याय (क्लाइमेट जस्टिस) को माग गरेको जानकारी दिइन् । भ्रमणका क्रममा उनले लक्जेम्बर्गका उपप्रधानमन्त्री, विदेश एवं वैदेशिक व्यापारमन्त्री जेभियर बेटेल र बेल्जियमका विदेशमन्त्री बर्नार्ड क्विन्टिनसँग छुट्टाछुट्टै भेटवार्ता गरी द्विपक्षीय हित र आपसी चासोका बारेमा कुराकानी गरेको जानकारी दिइन् । यसैगरी युरोपियन युनियनका ‘कमिसनर फर क्लाइमेट एक्सन’ ओपके होस्त्रा र ‘कमिसनर फर इन्टरनेशनल पार्टनरसिप’ जोजेफ सिकेलासँग बेल्जियमको ब्रसेल्समा छुट्टाछुट्टै भेटवार्ता गरी नेपाल र युरोपियन युनियनबीचको सम्बन्ध, जलवायु परिवर्तनका कारण नेपालमा परेको असर र नेपालले पाउनुपर्ने जलवायु न्यायका बारेमा कुरा गरेको उनले जानकारी दिइन् ।

मन्त्री डा.राणाले यसका साथै युरोपेली आकाशमा नेपाली वायु सेवालाई लगाइएको प्रतिबन्ध (सेफ्टी लिस्ट) सम्बन्धी प्रावधान हटाउने विषयमा पहल गर्न पनि उनीहरूलाई आग्रह गरेको बताइन् । उनले जर्मनीको पोट्सडाममा अवस्थित जलवायुसम्बन्धी अनुसन्धान संस्थामा पुगेर त्यहाँका वैज्ञानिक एवं अनुसन्धानदाताहरूसँग अन्तरक्रिया गरी जलवायु परिवर्तनका कारण नेपालका हिमाली क्षेत्र र समुदायमा परेको असरबारे अनुसन्धान गर्न आग्रह गरेको जानकारी दिइन् ।

यस्तै, यही पुस २ गते परराष्ट्रमन्त्री डा.राणाले जर्मनीको बर्लिनमा आयोजित समान अधिकारसम्बन्धी सम्मेलनलाई सम्बोधन गर्दै लैंगिक तथा यौनिक अल्पसंख्यक समूह (एलजिबिटी) व्यक्तिहरूको समावेशीकरण र मानवअधिकारका पक्षमा नेपालले धेरै उपलब्धि हासिल गरेको जानकारी अन्तर्राष्ट्रिय समुदायलाई गराएको पनि बताइन् । उनी जर्मनीको बर्लिनबाट शुक्रबार भारतको नयाँ दिल्ली पुगेकी थिइन् । नयाँ दिल्लीमा आयोजित भारत नेपाल आर्थिक सम्मेलन (इन्डो नेपाल इकोनोमिक कन्फ्रेन्स) लाई सोही दिन सम्बोधन गर्दै मन्त्री डा.राणाले नेपालले भारततर्फबाट अतिरिक्त हवाई रुटका लागि अनुरोध गरेको जानकारी गराइन् ।

# राहदानीको म्याद सकिएका नागरिकलाई नेपाली दूतावास आफैंले फाराम भरिदिने

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ८ पुस




कतारमा राहदानी नवीकरणका लागि अनलाइनमार्फत भर्न मिल्ने पासपोर्टको फारम नखुल्ने गरेको गुनासो बाक्लिन थालेका बेला कतारस्थित नेपाली दूतावासले समस्या समाधानका लागि विकल्प तयार पारेको छ ।

दूतावासले एक सूचना जारी गर्दै विशेषगरी पासपोर्टको म्याद सकिएका, सकिनै लागेका र पासपोर्टको म्याद सकिएका कारण कतार आइडी रिन्यु नभएका नेपाली नागरिकहरूका लागि अति आवश्यकताका आधारमा आफैंले फाराम भरिदिने जानकारी दिएको हो ।

सोमबार राहदानी सेवाबारे एक सूचना जारी गर्दै दूतावासले +९७४ ५९९३७१४९ नम्बरको ह्वाट्सएपमा पासपोर्टको म्याद सकिएका, सकिनै लागेका र राहदानीको म्याद सकिएका कारण कतार आइडी रिन्यु नभएका नेपाली नागरिकहरूले आफ्नो पूरा नाम, नेपालको पूरा ठेगाना, राहदानीको म्याद सकिएको/सकिने मिति, कतार आइडीको म्याद सकिएको/सकिने मिति र फोन सम्पर्क हुने फोन नम्बर लेखेर पठाउन आग्रह गरेको छ । सूचनामा प्राथमिकताका आधारमा अपोइन्टमेन्ट मिति तोकेर राहदानी सेवा प्रदान गरिने स्पष्ट पारेको छ । यस सेवाबाट राहदानी सेवालाई थप चुस्त र प्रभावकारी बनाउन सकिने विश्वास दूतावासले लिएको छ ।

**लहान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लहान, सिरहा**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति: २०८१/०९/०९)**

यस कार्यालयबाट मिति २०८१/०६/०२ को राष्ट्रिय दैनिक मध्यान्ह पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार देहाय वमोजिमको Contract ID/ निर्माण कार्यकोलागि प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र “न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही” ठहर भई स्वीकृतकालागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:-**

| सि. न. | ठे.न. | योजनाको नाम र स्थल | बोलपत्रदाताहरुको नाम र ठेगाना | न्यूनतम कवोल अंक (भ्याट र PS बाहेक) रु. | कैफियत |
|---|---|---|---|---|---|
| 01 | LMUN-W01-NCB-2081-82-001 | Ward Office Building Construction Works. Lahan-15 | Amit Nirmana Sewa, Lahan-11. | 31,19,625.80 | बोलपत्र स्वीकृतको लागि सिफारिस |
| 02 | LMUN-W02-NCB-2081-82-002 | Ward Office Building Construction Works. Lahan -09 | Bismillah Construction, Parsa. | 30,24,744.42 | बोलपत्र स्वीकृतको लागि सिफारिस |
| 03 | LMUN-W03-NCB-2081-82-003 | Municipality Office Building Construction Works Top Floor | Shiva Nirman Sewa tatha Shiva General Suppliers, Gaur-5 Rautahat. | 59,92,729.05 | बोलपत्र स्वीकृतको लागि सिफारिस |

**जयकान्त झा**
**प्रमुख प्रशासकीय अधिकृत**

**Yangwarak Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Tharpu, Panchthar**

**Invitation for Online Bids**

**First Date of publication: - 2081/09/09 (24th – Dec. 2024)**

1. Yangwarak Rural Municipality, Tharpu, Panchthar invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding with single stage two envelope procedure.

| S. N. | Description of Works | Contract Identification No. | Estimate Amount NRs (With VAT) | Bid Security (NRs) | Bid Document Fee (NRs) | Bid Submission Date | Bid Opening Date | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Supply of Medicinal Goods | YRM/NCB/GOODS/No-02-2081/082 | 21,57,374.85 | 55,000.00 | 3,000.00 | On or before 12:00 Noon, 2081/10/10 (23rd Jan. 2025) | 13:00 on 2081/10/10 (23rd Jan. 2025) | 90 Days |
| 2 | Supply of Gabion, CGI Sheet and Pipes | YRM/NCB/GOODS/No-03-2081/082 | 22,01,552.32 | 55,000.00 | 3,000.00 | On or before 12:00 Noon, 2081/10/10 (23rd Jan. 2025) | 13:00 on 2081/10/10 (23rd Jan. 2025) | 90 Days |
| 3 | Construction of Fencing work on Nishan Kalikadham and Yangwarak Pokhari | YRM/NCB/Works/No-02-2081/082 | 42,17,362.03 | 1,10,000.00 | 3000.00 | On or before 12:00 Noon, 2081/10/10 (23rd Jan. 2025) | 13:00 on 2081/10/10 (23rd Jan. 2025) | 90 Days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Yangwarak Rural Municipality, Tharpu, Panchthar, Facsimile no: 9849717613 or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

**Besishahar Municipality**
**Office of Municipal Executive**
**Besishahar, Lamjung**

**INVITATION FOR ELECTRONIC BIDS**

**First Date of Notice Publication: 2081/09/09**

1) Besishahar Municipality invites electronic bids from eligible bidders for the procurement of following Goods under single stage single envelope bidding procedures specified in Public Procurement Act and Regulations. Some of the qualification criteria are mentioned below.

| Contract ID No. | Name of Project | Estimated Amount (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| Besishaharmun/Goods/SQ/081/082/02 | Procurement, Supply, Installation and Commissioning of Mini Tiller | 18,90,000.00 | 47,500.00 | 1000.00 | 2081/09/25, 12:00 |

2) Bidding Documents are available online and can be downloaded from e-GP system https://www.bolpatra.gov.np/egp/. Intrested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

**Information to deposit Bid Fee and Bid Security**

**For Bid Security**
Bank Name : Rastriya Banijya Bank Ltd
Account Name : Besishahar Municipality Dharauti Khata
Account Number : Ga-3-3040100303000002

**For Bid Document Fee**
Bank Name: Rastriya Banijya Bank Ltd.
Account Name : Besishahar Municipality Aantarik Rajaswo
Account Number : Ga-1-1-3040100301010002

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
९ पुस २०८१, मंगलबार
24 December 2024, Tuesday

सम्पादकीय

## आवेग होइन, विवेक प्रयोग गरौं

भव्य उत्सवका रूपमा सम्पन्न नेपाल प्रिमियर लिग (एनपीएल)को फाइनल खेलका क्रममा सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्सका केही समर्थकबीच झडप भएको विषय यतिबेला चर्चामा छ । सुदूरपश्चिमका समर्थकले उपाधि बिजेता जनकपुरका केही समर्थकमाथि कुटपिट गरेको भिडियो सामाजिक संजालमार्फत सार्वजनिक भएपछि यो विषय चर्चामा आएको हो । कुटपिटको विरोधमा जनकपुरमा गृहमन्त्रीको राजीनामा मागेर प्रदर्शन नै भयो । मधेश केन्द्रित राजनीति गर्ने दलका नेताहरूले उक्त घटनाप्रति चर्को आपत्ति जनाएका छन् । नेपाल प्रहरीले उक्त घटनामा संलग्न भएको आरोपमा केही युवालाई पक्राउसमेत गरिसकेको छ । तर, सामाजिक संजालबाट भिडियो शेयर गरेर आपत्ति जनाउने क्रम रोकिएको देखिँदैन ।

कतिपयले एनपीएलकै भविष्यसँग जोडेर यो घटनाप्रति चिन्ता गरिरहेका छन् । समर्थकहरू साम्प्रदायिक रूपमै उत्रने भयका कारण एनपीएलको उत्सवमा समस्या आउन सक्ने अनुमान उनीहरूले गरिरहेका छन् । कतिपयले चाहिँ सुदूरपश्चिम र मधेशलाई लिएर साम्प्रदायिक सद्भावमा दरार नआओस् भन्ने चिन्ता गरेका पाइन्छ । विगतका उदाहरण हेर्दा साम्प्रदायिकताप्रति गरिएको चिन्ता स्वाभाविक हो किनकि ठूलाठूला साम्प्रदायिक हिंसा सानै निहुँबाट बढेका पाइन्छ । त्यसैले साम्प्रदायिक सद्भावलाई लिएर भइरहेको चिन्तालाई सकारात्मक रूपमा लिनुपर्छ । उक्त कुटपिटमा संलग्नहरूमाथि कारबाही गरेर आगामी दिनमा त्यस्ता घटना हुन नदिने वातावरण बनाउनुपर्छ किनकि भिडियोमा जस्ता अभिव्यक्ति सुनिएका छन्, त्यस्ता शब्द कानुनतः दण्डनीय हुन् । कुनै पनि पक्षले अर्को पक्षलाई घृणायुक्त शब्द प्रयोग गरिनु हुन्न ।

सँगै, अहिले कुटपिटमा परेका पक्ष पनि संयम हुन आवश्यक छ । आवेगलाई शान्त पार्ने एउटा उपाय भनेकै आवश्यक समय लिनु हो । कतिपय व्यक्ति र समूहलाई यही विषय चर्काएर राजनीति गर्न सकिन्छ भन्ने लागेको पनि हुन सक्छ । तर, हिंसात्मक उत्तेजना अथवा साम्प्रदायिकता भड्काएर गरिने राजनीति किमार्थ स्वीकार्य हुन्न । समाजको विद्यमान समस्या समाधानको प्रस्तावसहित जोकोहीलाई राजनीतिमा आउन सक्छन् तर साम्प्रदायिकता भड्काएर गरिने राजनीतिले लाभभन्दा बढी क्षति गर्छ । त्यसैले शानका साथ सुरु भएको एनपीएलको भविष्य सुरक्षित गर्न र हाम्रो समाजको सहिष्णुता जोगाउन सम्बन्धित सबै पक्षबाट विवेकपूर्ण निर्णय लिन जरूरी छ । खेल त्यसै पनि एकताको प्रतीक हो तर यसैलाई विभाजन र द्वन्द्वको कारण बनाउने गल्ती नगरौं ।

# भ्रष्ट व्यवस्था र भ्रष्ट अर्थतन्त्र

अग्रलेख



● विनोद थापा

नेपालको अर्थतन्त्र नवउदारवादी अर्थ प्रणालीमा आधारित छ । मुख्यगरी प्रजातान्त्रिक र लोकतान्त्रिक मान्यताविपरीत नवऔपनिवेशिक पुँजीवादको जगमा देशको सिंगो अर्थतन्त्र चलेको छ । अर्थतन्त्रका मूल आधार कृषि, उद्योग, पर्यटन, जलस्रोत, मानव संसाधन हुन् । यद्यपि, अहिले नेपालको अर्थतन्त्र रेमिटचान्स र विदेशी दातृ निकायको अनुदान तथा ऋण सहयोगबाट संचालित छ ।

नेपालको संविधान, २०७२ ले समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना गरेको छ तर संविधानविपरीत नेपालको अर्थतन्त्र पूरै नवउदारवादको नीतिअन्तर्गत विश्व साम्राज्यवाद एवं भूमण्डलीकृत पुँजीवादको निर्देशन र उनीहरूकै हितमा चल्ने गर्छ ।

नेपाली अर्थनीतिले सामना गरिरहेको मुख्य चुनौती भनेको भौगोलिक बाधा, खुल्ला सिमाना र राजनीतिक अस्थिरता हो । बारम्बार सरकारी नीति परिवर्तन भइरहने समस्या र अस्थिर सरकार एवं राजनीतिक दलहरूबीचको खिचातानीका कारण जस्तोसुकै अर्थ नीति अवलम्बन गरिरहेको भनिए तापनि त्यो सफल हुने कुनै संकेत देखिँदैन बरु अहिले नवऔपनिवेशिक दलाल पुँजीवादी संसदीय व्यवस्थाले गर्दा अर्थतन्त्रको बनोट र परिचालनले उल्टो दिशा समातेको छ । उदाहरणको रूपमा राजनीतिको कमान्डमा अर्थ नीति हुनुपर्नेमा यसको विपरीत अहिलेको राजनीति चलिरहेको अवस्था छ ।

आर्थिक तथ्यांकलाई आधार मान्ने हो भने, आत्मनिर्भर एवं स्वाधीन अर्थतन्त्र निर्माण गर्ने दिशामा राज्य अग्रसर भएको पाइँदैन । शासक, प्रशासकहरूको भ्रष्ट आचरण र व्यवहारका कारण जतातत्तै अनियमितता, अस्थिरता र अराजकता मौलाइरहेको छ । कुनै पनि मुलुकको अर्थतन्त्रको चरित्र र विशेषता त्यो मुलुकको विकास तथा जनताको भविष्यसँग जोडिएको हुनुपर्छ । यद्यपि, नेपालको सन्दर्भमा अवस्था त्यस्तो छैन ।

नेपालमा राणा शासनको अन्त्यसँगै प्रजातान्त्रिक प्रणालीको प्रारम्भबाटै मिश्रित अर्थ नीति अवलम्बन भएको पाइन्छ । २००८ सालदेखि बजेटको सुरुवात भयो । २०१३ सालदेखि योजनाबद्ध विकासको थालनी भएको थियो ।

२०१५-०१६ सालमा विधिवत रूपमा संसदीय निर्वाचन गरी संसदीय व्यवस्था लागू गरियो । तर, लगत्तै राजा महेन्द्रले संसद् विघटन गरी निर्दलीय पञ्चायती व्यवस्था स्थापना गरे । २०४६ सालमा भएको जनआन्दोलनले पञ्चायतको अन्त्य एवं नयाँ शासन प्रणाली अर्थात् संसदीय व्यवस्थाको पुनर्स्थापना गऱ्यो । २०४७-०४९ सालतिर आठौं पञ्चवर्षीय योजनाद्वारा देशमा उदार अर्थ व्यवस्थाको नीति प्रवेश गराइएको थियो ।

खुल्ला बजार अर्थ नीतिले सन् १९८० को दशकको मध्यबाटै विश्वभरि आजसम्म एकछत्र राज गरिरहेको छ । नेपालको अर्थतन्त्र पनि नवऔपनिवेशिक दलाल पुँजीवादको हस्तक्षेप र सैद्धान्तिक आडमा विकसित भएको पाइन्छ, जसले उदारवादको फेरो समातेर उसकै नीति, योजना र कार्यक्रम लागू गरिरहेको छ ।

त्यतिखेरको सरकारले निजीकरण ऐन, २०५० लागू गरी निजी क्षेत्रको सहभागितालाई व्यापक बनाउँदै लैजाने र देशको आर्थिक विकास गर्न प्रतिष्ठानहरूलाई निजीकरण गर्ने उद्देश्य लियो । प्रतिष्ठान व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराउने, विक्री गर्ने, भाडामा लगाउने, सरकारी स्वामित्वलाई जनसाधारणमा लैजाने खालका खुल्ला अर्थ व्यवस्थालाई नियोजित रूपमा प्रवेश गराइएको थियो । हाम्रो जस्तो विपन्न तथा गरिब देशले बनाउनुपर्ने अर्थतन्त्रको मोडेल नवउदारवादमा आधारित हुँदा नेपाली जनताले कुनै पनि विकास र समृद्धिबाट राहत पाउन सकेनन् बरु विकासे बजेटमाथि भरपर्न बाध्य पारियो ।

नेपाल विश्वकै अत्यन्तै निर्धन र अल्पविकसित देशमध्ये एक हो । यहाँको अर्थतन्त्र अविकसित छ । नेपाली श्रम बजारमा ठूलो मात्रामा बेरोजगार र सीपयुक्त जनशक्ति रहेका छन् । पछिल्लो तथांकलाई आधार मान्ने हो भने, यो वर्ष मात्र करिब ५ लाख नयाँ युवा श्रम शक्ति देश छाडेर वैदेशिक रोजगारीमा गएका छन् । थप झन्डै ३ लाख पुनः जाने तयारीमा रहेका देखिन्छ ।

केही वर्षदेखि नेपालको व्यापार घाटा बर्सेनि १४ खर्बभन्दा बढी छ । सबैभन्दा ठूलो व्यापारिक साझेदार भारत एक्लैसँग नेपालको व्यापार घाटा बढ्दो छ । नेपालको वैदेशिक ऋण चुलिँदो अवस्थामा छ । पुँजीको अभावमा राष्ट्रिय उद्योगहरू रुग्ण हुँदै जानुले बजार उत्पादन र आपूर्तिको शृंखलामा विदेशी दलालहरूको बिगबिगी हुन पुगेको छ ।




*बेलायतमा सुरु भएको भ्रष्ट संसदीय व्यवस्थाको अभ्यास नेपालमा पनि हुँदै आएको छ, जसको प्रभाव आमरूपमा सबै संरचनामा परेको छ । हामी अर्थ संरचनाको सवालमा कुरा गरौं, चाहे सामाजिक संरचनाको, सबैमा यो व्यवस्थाले प्रभाव जमाएको छ । यो व्यवस्था आफैंमा भ्रष्ट हुँदा यसले सही नतिजा दिन सक्दैन...*

उपभोक्तावादी संस्कृति र रेमिटचान्समा आधारित अर्थतन्त्रका कारण उच्च आयात तथा न्यून निर्यात गरिरहेको राज्यमा अव्यवस्थित र महत्त्वाकांक्षी योजनाहरू प्रशस्त छन् । तर, अदूरदर्शी, इच्छाविहीन नेतृत्व र भू-राजनीति परिवेश जस्ता समस्याहरूले गर्दा विकासमा अवरोध र चुनौतीहरू थपिएका छन् ।

व्यवस्थाको भ्रष्ट रूप अर्थतन्त्रमा देख्न पाइन्छ । संरचनागत परिवर्तन वा 'गेम चेन्जर' परियोजनाहरू जबसम्म निर्माण गरिँदैन, तबसम्म मुलुकको अर्थतन्त्रको भविष्य संकटग्रस्त रहन्छ । आन्तरिक उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न ठोस पहल नगर्ने हो भने राज्य असफल बन्ने कुरा निश्चित छ । यसका लागि नवीनतम् उपायहरू खोजी गर्न आवश्यक छ । हुनत संसदीय राजनीतिक प्रणालीमा कुनै पनि कुरा जनहितविपरीत हुने गर्छन् ।

माथि उल्लेखित सन्दर्भले नेपालको अहिलेको व्यवस्था र यसले अवलम्बन गरेको आर्थिक नीतिको स्पष्ट चित्र देखाउँछ । यसको विकल्प व्यवस्था परिवर्तन हो । सन् १२१५ देखि बेलायतमा सुरु भएको भ्रष्ट संसदीय व्यवस्थाको अभ्यास नेपालमा पनि हुँदै आएको छ, जसको प्रभाव आमरूपमा सबै संरचनामा परेको छ ।

हामी अर्थ संरचनाको सवालमा कुरा गरौं, चाहे सामाजिक संरचनाको, सबैमा व्यवस्थाले प्रभाव पार्छ । यो व्यवस्था आफैं भ्रष्ट छ भने यसले कस्तो नतिजा दिने ? न यसले सुशासन दिन सक्छ, न त जनताको सामान्य अपेक्षाअनुसार डेलिभरी । आज सबैतिर भ्रष्टाचार किन मौलाइरहेको छ ? आज किन कमिसनतन्त्र संस्थागत बनिरहेको छ ?

यसको सोझो र सफा उदाहरण छ, यो व्यवस्था नै भ्रष्ट छ र यसले आफूसँग जोडिएका अवयवलाई बलियो बनाउँछ । त्यस कारण अहिलेको अवस्थाको निकास वा विकल्प यो व्यवस्थाकै विकल्प खोज्नु हो ।

निष्कर्षमा, अर्थतन्त्र जनमुखी एवं पारदर्शी हुन आवश्यक छ । गुणस्तरीय जीवन, गरिबी निवारण, समृद्ध, व्यावहारिक तथा सीपमूलक शिक्षा, मानवअधिकारको प्रत्याभूति एवं मुलुकको सम्मानजनक अभिवृद्धि हुनुपर्छ । उच्च आय र न्यून निर्यात र नवउदारवादी विकृतिबाट मुलुकलाई जोगाउन आवश्यक छ ।

स्वाधीन तथा आत्मनिर्भर अर्थतन्त्रको निर्माणका लागि मार्ग प्रशस्त गरी घर परिवार, व्यावसायिक क्षेत्र, सरकार तथा अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गर्न जरुरी छ । कृषि, उद्योग, पर्यटन, जलस्रोत, मानव संसाधन एवं आन्तरिक उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र वस्तु तथा सेवा आयात नगर्ने व्यवस्था गर्नुपर्छ ।

मीतव्ययी खर्च संरचना र सेवा उत्पादन क्षमताको विकास गरी विप्रेषण आप्रवाह प्रयोगलाई रोकी बढीभन्दा बढी उपयोगी क्षेत्रमा उपयोग गर्ने तर्जुमा गर्न सकिन्छ । प्रतिफल केन्द्रित नीति कार्यक्रम बनाई लागू गरे मात्र देशको अर्थतन्त्र ओरालो लाग्नबाट बचाउन सकिन्छ ।

उपरोक्त क्रियाकलापले मात्र मुलुकको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र देशको बृहत्तर हित हुन सक्छ । हामीले मुलुकको राजनीति, आर्थिक, सामाजिक र सांस्कृतिक पक्षलाई विशेष जोड दिई राज्य व्यवस्थाको संकट सावधान गर्ने नयाँ खोज, अनुसन्धान गरी निष्कर्षमा पुग्न आवश्यक छ ।

विचार, सिद्धान्त र नीतिलाई व्यवहारमा प्रयोग गर्दै समाजवादी अर्थ प्रणालीको ढोका खोल्नु आवश्यक हुन्छ । नवऔपनिवेशिक दलाल पुँजीवादको अन्त्य नगरीकन कुनै पनि सामाजिक संरचना बदल्न सकिन्नँ । वैज्ञानिक समाजवादको मुख्य मार्ग भनेको पुँजीवादी अर्थ व्यवस्थाको रूपान्तरण हो । अझ कम्युनिस्टहरूको मुख्य उद्देश्य भनेको निजी सम्पत्तिको उन्मूलन हो । प्रथम, उत्पादनको साधनमा मानवीय पुँजीसहित स्रोत, साधन, ज्ञान, सीप तथा प्रविधि आवश्यक हुन्छ । दोस्रो, उत्पादन सम्बन्धमा स्वामित्व वितरणको भूमिका तथा पहुँच र समाजको अधिसंरचना हुनुपर्छ ।

वैज्ञानिक समाजवाद प्राप्त गर्न श्रमिक वर्गको संघर्षका लागि सैद्धान्तिक आधार खडा गरी मार्क्सवादी दर्शनसहितको राज्य व्यवस्था स्थापना हुन आवश्यक छ । राजनीतिक, सामाजिक र आर्थिक समानता र सबै प्रकारका विभेदको अन्त्य गरी खासगरी गरिब र धनीबीचको असमानतालाई हटाउन नवऔपनिवेशिक दलाल संसदीय सत्ता हामी सबैको बाधक बनिरहेको छ । यसलाई परास्त गर्न वैज्ञानिक समाजवादी जनक्रान्तिले मात्र सम्भव हुने निष्कर्ष निकाल्न सकिन्छ ।


**(लेखक अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका संयोजक हुन् ।)**

## इतिहासमा आज

२४ डिसेम्बर १५२४ मा युरोपबाट भारतसम्म पुग्ने मार्ग पत्ता लगाउने पोर्चुगलका नाविक वास्को डी गामाको भारतको कोच्चीमा निधन भएको थियो ।



२४ डिसेम्बर १८५१ मा लाइब्रेरी अफ कंग्रेसमा आगो लागेको थियो ।



२४ डिसेम्बर १९२१ मा नोबेल पुरस्कार विजेता साहित्यकार रवीन्द्रनाथ टैगोरद्वारा विश्व भारती विश्वविद्यालयको स्थापना गरिएको थियो ।



२४ डिसेम्बर १९४१ मा दोस्रो विश्वयुद्धका क्रममा जापानले कुचिङ र हङकङमाथि विजय प्राप्त गरेको थियो ।



# माओवादी र अदालत

टिप्पणी



● जयप्रकाश गुप्ता

'जनयुद्ध' शब्दलाई लिएर सर्वोच्च अदालतको आलोचना गर्नु अनावश्यक विषय हो । तपाईं यदि प्रजातान्त्रिक शासन व्यवस्थालाई मान्नु हुन्छ भने जस्तो मनशायको भए पनि, जसको खटन-पटनमा चले पनि भन्नै पर्ने हुन्छ कि 'अदालत स्वतन्त्र छ ।'

सभ्य शासन व्यवस्थाअन्तर्गतको सभ्य नागरिक भइरहनका लागि तपाईं अदालतको चोटबाट ब्रह्मनालमा लम्पसार परे पनि जीवन अन्त्यअघिको अन्तिम वाक्यांश यही बोल्नु हुनेछ कि 'म अदालतको आदेशलाई शिरोधार्य गर्दछु ।' के विकल्प रहन्छ र ?

माओवादी आन्दोलनका सुप्रिमो अदालतको रूपान्तरणको पक्षमा कहिल्यै उभिएनन् । संविधानसभाको गहन छलफलको क्रममा उनले कहिल्यै अदालतको संरचनाबारे गम्भीरता व्यक्त गरेनन् । उनले यथास्थितिको अदालतमा जहिल्यै पनि आफ्नो सामुदायिक तथा बृहत्तर अर्थमा 'नेपालीयता'को संरक्षण गरिरहने 'शक्तिको स्रोत' देखे । यसर्थ, नयाँ संविधानमा प्रचण्डको एजेन्डा पुरानो संरचनाको कपी-पेस्ट नै रह्यो । उनले कपी-पेस्टलाई नै उपयुक्त बाटो सम्झे ।

बरु अदालतमा उनको खेल पहिलो कार्यकालमा केहीलाई प्रवेश गराउनुमा केन्द्रित रह्यो । त्यही मन्त्रीमण्डलमा रही स्वयं पंक्तिकार साक्षी छ, देव गुरुङको खल्तीको चिर्कटो खोल्न लगाएर उनले केहीलाई छिराए । यसपछिको समयमा प्रचण्ड झन् माझिएको खेलाडीका रूपमा ज्येष्ठ वरीयताको क्रममा रहेकालाई प्रधानन्यायाधीश सिफारिस गर्नुपर्नेमा तेस्रो वरीयतामा रहेकालाई बनाउन खोजे ।

*माओवादी आन्दोलनका सुप्रिमो अदालतको रूपान्तरणको पक्षमा कहिल्यै उभिएनन् । उनले यथास्थितिको अदालतमा जहिल्यै पनि आफ्नो सामुदायिक तथा बृहत्तर अर्थमा 'नेपालीयता'को संरक्षण गरिरहने 'शक्तिको स्रोत' देखे । यसर्थ, नयाँ संविधानमा प्रचण्डको एजेन्डा पुरानो संरचनाको कपी-पेस्ट नै रह्यो...*

महाशयहरू ! यो सुनेको कुरा होइन, स्वयं पंक्तिकारले भोगेको कुरा हो । त्यस संवैधानिक परिषद्मा स्वयं पनि एक सदस्य रहेको र जहाँ आजका राष्ट्रपति रामचन्द्र पौडेल पनि सदस्य नै रहेका थिए । समय आएपछि स्वयं अदालतभित्र प्रवेश पाएको राजनीतिको कोपभाजनमा पर्ने अवस्था बन्यो । यो अर्कै प्रसंग हो, यता नजाऊँ ।

यस्तै यस्तै खेल रह्यो प्रचण्डको प्राथमिकतामा । राज्य रूपान्तरणका सबै राजनीतिक पक्षहरू प्रचण्डबाट पन्छाइए । अन्ततः उनीसँग आज सरकार बनाउने तथा भत्काउने खेलको 'म्याजिकल ज्ञान' त छ तर राज्यको रूपान्तरण गराउन सक्ने त्यो क्षमता जसको अनुभूतिले उनले आफूलाई 'गौतमबुद्धपछिको दोस्रो नेपाली सपुत' भनेका थिए, आज अदालतको यस आदेशबाट खुट्टा बजार्नुको सट्टा केही गर्न सक्ने सामर्थ्य छैन ।

उनी स्वयंसमेतले गणतन्त्र तथा संघीयताको पक्षमा रहेको बलियो जनमतलाई थिलथिलो बनाए । यस काममा उनी कांग्रेस तथा एमालेका साथसाथै रहे ।

आज गणतन्त्र तथा संघीयता लगभग मरणासन्न छन् । गोठबाट एक्लिएको च्यांग्रालाई जंगलमा भोग्नुपरेको लखेटाइ भोगेका पूर्वराजा ज्ञानेन्द्र शाह आज नारायणहिटीमा फर्किने मनशायले कुर्लंदै छन् । जनताको आशा मरेर यो हविगत देखिएको हो । यसरी जनताको आस किन मरेर गयो ? यो खोजे हुन्छ प्रचण्डले ।

पुष्पकमल दाहालबाट 'प्रचण्ड'को पलायनको प्रभाव थोरै मात्र भए पनि बदलिएको नेपालमा देखिनु स्वाभाविक नै हो । यसैको एक छोटो प्रभाव अदालतमा पनि परेकै हो । अन्य सबैतिर परिरहेकै छ । मधेशको जागरण समाप्त भयो । आदिवासी-जनजातिको आन्दोलन साकेला तथा उँभौलीमा बदलिएको छ ।

झन् दलित समुदायको के कुरो ! नियति सम्झेर बस्यो । कांग्रेस र एमालेसँग त्यो सामर्थ्य छ । उनीहरूसँगको समझदारीबेगर अबको कुनै परिवर्तन सम्भव छैन । तसर्थ, उनीहरूको हित सुरक्षित छ । अरूहरूको एजेन्डा... ?

## सामाजिक सञ्जाल




**रोशन खड्का**

परराष्ट्रमन्त्रीको भारतमा उच्चस्तरीय भेटवार्ता रोक्न एउटा गिरोह नै सक्रिय रहेछ । यो गलत काम भयो । देशको मन्त्री अनि भावी प्रधानमन्त्रीलाई यस्तो गर्न मिल्छ ? यो तरिका भएन । भोलि आरजु म्याडम काठमाडौं फर्किनुअघिसम्म कम्तीमा यो निर्णयमा भारतले पुनर्विचार गर्नुपर्छ ।



**अनिल गिरी**

कम्फर्टेबल सरकारका प्रधानमन्त्री ६ महिना पूरा गरेपछि भारत भ्रमणमा गएका थिए, अहिले ओलीको बल्ल ५ महिना पुग्दै छ । त्यसैले केही कुरौं । अनि, अनौपचारिक भ्रमणमा जानेलाई सामान्यतया भेटघाट दिइँदैन । अस्ति भुटानका राजा आउँदा हाम्रा राष्ट्रपति र पीएमले भेटेनन् ! प्रोटोकल बुजम् !



**प्रेमकान्त अधिकारी**

आफ्नो देश, आफ्नो समाज, आफ्नै बाटोघाटोमा सधैं सबै निर्धक्क, निर्भीक, निडर भएर एक्लै हिँड्न र डुल्न सक्नुपर्छ, हिम्मत, आँट, साहस भएदेखि । सुरक्षा गार्ड अगाडि-पछाडि लगाएर मनमनै डराएर हिँड्नपर्छ भने त्यो केको समाजसेवी ? केको राजनीतिकर्मी ? केको राजनीतिक अगुवा ? के जनप्रतिनिधि ?



**पंकज दास**

कम्फर्टेबल प्रधानमन्त्रीलाई शपथ ग्रहणलगत्तै भारत भ्रमणको निम्तो आइसकेको थियो । भ्रमण मात्रै ६ महिनापछि भएको हो । अनि, अनौपचारिक भ्रमणमा जानेले प्रधानमन्त्रीदेखि एनएसए, विदेशमन्त्री, विदेश सचिव, अन्य मन्त्री नेताहरूलाई फोन गरेर समय दिन याचना गर्दैनन्, प्रोटोकल बुझ्नुपर्छ ।

**मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.**

# जनताका गुनासालाई केन्द्रबिन्दुमा राख्दै छत्रदेव गाउँपालिका



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ८ पुस

अर्घाखाँचीको छत्रदेव गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरु जनताका गुनासालाई केन्द्र बिन्दुमा राखेर आफ्नो कार्यसम्पादनलाई अगाडि बढाएका छन् । कार्यसम्पादन मूल्यांकनमा उत्कृष्ट नतिजा प्राप्त गर्ने र सिंहदरबारको अधिकार गाउँ-गाउँका जनताले स्पष्ट देख्ने, बुझ्ने गरी कार्यसम्पादनलाई अगाडि बढाइएको जनप्रतिनिधि र कर्मचारीहरुले बताएका छन् ।

पालिकाभित्रका नागरिकको स्वास्थ्य, शिक्षा रोजगारप्रति संवेदनशील बन्दै गएको उनीहरुले बताएका छन् । पालिकाभित्र सेवा प्रवाह, विकास निर्माणको काम द्रुत गतिमा अगाडि बढाउँदै नागरिकहरुको स्वास्थ्य, शिक्षा, रोजगारमा समेत संवेदनशील हुँदै रचनात्मक कामहरु सञ्चालन गरिएको छत्रदेव गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठले जानकारी दिए ।

नागरिकहरुको स्वास्थ्यलाई विशेष केन्द्रमा राखेर सबै वडाका जनतालाई विशेषज्ञ सेवा दिने गरी बल्कोट प्राथमिक स्वास्थ केन्द्रमा प्रत्येक दुई/दुई महिनाको अन्तरालमा विशेषज्ञ डाक्टरसहितको स्वास्थ्य शिविर सञ्चालन गरिँदै आइएको छ । स्वास्थ्य शिविरबाट छत्रदेवबासीले विभिन्न प्रकारको सेवा लिन सफल भएका गाउँपालिकाकी उपाध्यक्ष मनिशर्मा पन्थीले बताइन् ।

गाउँपालिकाले यहाँका ज्येष्ठ नागरिकहरुलाई घर-घरमा पुगेर स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आएको छ, भने उनीहरुको सुरक्षा भत्ता कार्ड नविकरण समेत गरी घरमा पुऱ्याइदिने, सबै वडामा पुगेर एकीकृत घुम्ती शिविरमार्फत योजना सम्झौता गर्ने, ज्येष्ठ नागरिक परिचयपत्र, अपांग परिचयपत्र, घरेलु उद्योग दर्ता, माटो परीक्षण, भेटनरी सम्बन्धी सेवा तथा उपचार सेवा, परामर्श सेवा लगायत गाउँपालिकाबाट दिने सबै सेवा सुविधा वडाहरुमा पुगेर दिने गरेको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेले पहिलो चौमासिकमा उक्त सेवा दिएपछि छत्रदेवबासी खुसी भएको बताए । बिरामीहरुका लागि आवश्यक रगत निःशुल्क उपलब्ध गराउने गरी गृहकार्य भइरहेको वडा नम्बर ३ का वडाध्यक्ष तेजुराम खनालले बताए ।

नेपाल नेत्र ज्योति संघ, जिल्ला आँखा उपचार केन्द्र अर्घाखाँचीसँग सम्झौता गरी यहाँका नागरिकहरुले निःशुल्क मोतियाविन्दु शल्यक्रियाको सेवा समेत छत्रदेववासीले लिइरहेका छन् । केहीदिन पहिला मात्रै झण्डै २ सय जनाको आँखाको निःशुल्क परीक्षण गरी औषधि, चस्मा, मोतियाबिन्दुको निःशुल्क शल्यक्रिया गरिएको थियो ।

नागरिकहरुको सहज र सुलभ रुपमा आँखा उपचारका लागि गाउँपालिकाले प्राथमिक उपचार केन्द्रको स्थापना गरी एक जना आँखा प्राविधिक राखेर काम सुरु गरेको अध्यक्ष चन्द्रमान श्रेष्ठले बताए । नागरिकहरुलाई राज्यबाट प्राप्त हुने औषधिको नियमित व्यवस्थापनका लागि पर्याप्त औषधिको आपूर्तिको व्यवस्था मिलाइएको प्रमुख प्रशासकीय अधिकृत पाण्डेले बताए ।

गाउँपालिकाले उद्देश्य विपरित सञ्चालित र लामो समयदेखि निष्क्रिय रहेका सहकारी संस्थाहरुलाई नियमन गर्न शुरु गरेपछि सहकारीहरु पनि सचेत भएको र अहिले राम्रो काम गरेको अधिकृत पाण्डेको भनाइ छ ।

स्थानीय सरकार सञ्चालन ऐनमा गाउँपालिकाको प्रशासकीय अधिकृत सहकारी रजिस्ट्रार हुने व्यवस्था अनुसार सहकारीले लगातार दुई आर्थिक वर्षसम्म कुनै कारोबार नगरी निष्क्रिय रहेको र विनियममा उल्लेखित उद्देश्यविपरित कार्य गरेका सहकारी संस्थाहरुलाई नियमन गरिएको अधिकृत पाण्डेले बताए ।

गाउँपालिकामा पाण्डे प्रशासकीय अधिकृत बनेर आएपछि मुस्कानसहितको सेवा, कुनै पनि सेवाग्राही कामका लागि कार्यालयमा पुगेको ५ मिनेट भन्दा बढी बस्न नपर्ने गरी अहिले कामहरु अगाडि बढाएको पाइएको सेवाग्राही छत्रदेव ४ का भानु पराजुलीले बताए ।

छत्रदेव गाउँपालिकाकाले अपाङ्गता भएका नागरिकहरुलाई घरमै गइ उनीहरूको माग बमोजिमका सामग्रीहरू वितरण गर्ने, नागरिकहरुको गुनासो तथा सुझावहरू संकलन गर्ने, कृषकहरूसँग छलफल गर्ने, जेष्ठ नागरिकसँग छलफल गर्ने, ८० वर्षमाथिका जेष्ठ नागरिकलाई सम्मान, विभिन्न योजनाहरूको अनुगमन, निरीक्षण गर्ने गरेको छ ।

# ‘शीर्षस्थ नेताहरूको योगदानलाई बिर्सिए पार्टी समाप्त हुन्छ’




काठमाडौं/मस- नेपाली कांग्रेसका संस्थापक नेता कृष्णप्रसाद भट्टराई नेपाली इतिहासको एक तिलस्मी पात्र भएको एक कार्यक्रमका वक्ताहरुले बताएका छन् । भट्टराईको १०१ औं जन्मजयन्तीको अवसरमा सन्तनेता कृष्णप्रसाद भट्टराई केन्द्रले सोमबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा वक्ताहरुले सद्गुणले भरिएका भट्टराई महान् राष्ट्रवादी चिन्तक भएको बताए ।

शालीन व्यक्तित्वसहित दार्शनिक तथा आध्यात्मिक चेत भएका भट्टराईमा अदम्य साहस तथा दृढ इच्छाशक्ति रहेको उनीहरूको टिप्पणी थियो । भ्रष्टाचार विरोधी एवं निष्ठाको राजनीतिमा सबैभन्दा अब्बल सावित भएका भट्टराईको विचारलाई कांग्रेसले अनुशरण गर्न नसकेको भन्दै उनीहरूले चिन्ता व्यक्त गरे ।

कार्यक्रममा नेपाली कांग्रेसका नेता डाक्टर शेखर कोइरालाले शीर्षस्थ नेताहरूको योगदानलाई बिर्सिए पार्टी समाप्त हुने बताए । कांग्रेसमा उच्च योगदान दिएका शीर्ष नेताहरूको योगदानको वस्तुनिष्ठ समीक्षा हुन नसकेको नेता कोइरालाको भनाइ थियो । उनले ठोस अध्ययन अनुसन्धान गरी शीर्ष नेताहरूको योगदान उजागर गर्नु आजको पहिलो आवश्यकता भएको बताए । भट्टराईबारे अध्ययन अनुसन्धान गरेका इतिहासविद् प्राध्यापक डाक्टर राजेश गौतमले दुवै पटक नचाहँदा नचाहँदै भट्टराई देशको प्रधानमन्त्री बन्नु भएको प्रसंग उल्लेख गरे ।

‘पहिलो पटक लौह पुरुष गणेशमान सिंहको करबल तथा दोस्रो पटक पार्टी नेतृत्वप्रतिको चरम असन्तुष्टि चिर्न भट्टराईलाई प्रधानमन्त्री बनाइएको हो’ स्वयं भट्टराईसँगको संवाद स्मरण गर्दै गौतमले भने । आफूले अपमान सहेर भएपनि भट्टराईले पार्टीको आदर्शलाई जीवन्त राखेको उनले बताए । भट्टराईलाई पटक-पटक चुनाव हराउन देशीविदेशी शक्ति नै लागेको भन्दै गौतमले पछि त्यसप्रति विदेशी शक्ति (तत्कालीन भारतीय राजदूत)ले माफी मागेको प्रसंग उनले सुनाए । गलत ढंगबाट मुलुकमा राजतन्त्रको अन्त्य भएकोमा भट्टराई असन्तुष्ट रहनु भएको गौतमको भनाइ थियो । इतिहासविद् डाक्टर रमेश ढुंगेलले भट्टराईले सबै प्रकारका सफलता असफलतालाई ‘परमात्माको इच्छा’को संज्ञा दिने गरेको स्मरण गरे ।

**Sudurpaschim Province Government**
**Ministry of Social Development**
**Provience Health Directorate**
**Health office, Bajura**

**Invitation for Bids (E-Bidding)**

**First Date of Publication : 2081/09/09**

Health office Bajura Invites electronic Bids from eligible Bidders under NCB procedures for the procurement of free essential medicine for local level bajura mentioned below.

| S.N. | S.Q. No. | Particulars | Bid security | Documentation fee (NRS) |
|---|---|---|---|---|
| 1 | HOB/NCB/EMD/01/2080/81 | procurement of free essential medicine for local level in Bajura | 65000/- | 3000 |

Elligible bidders obtain bidding documents electronically at the website of Public procurement monitoring office egp system: PPMO's e-GP i.e www.bopatra.gov.np/egp. For further details please contact to Health office bajura ph.no. 097541062, 9858425937.

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, टिमुरे शाखाको १५ दिने सार्वजनिक सूचना ।।**

**(प्रकाशित मिति : २०८१/०९/०९ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८० साल मंसिर महिना २९ गतेको 'राजधानी' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८१ साल आषाढ महिना १० गतेको 'राजधानी' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सूचना प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा कुनै शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावे बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

| क्र.सं. | ऋणीको नाम, थर र ठेगाना : |
|---|---|
| १. | चेङा तमाङको नाति, तेम्बा नाम्म्याल तमाङको छोरा, रसुवा जिल्ला, स्याफ्रु गा.वि.स. वडा नं. ५ बस्ने **कर्मा रेन्जेन तमाङ ।** |
| **व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :** | |
| १. | पसाङ नुर्प् लामाको छोरी, कर्मा रेन्जेन तमाङको श्रीमती, रसुवा जिल्ला, गोसाईकुण्ड गा.पा. वडा नं. ५ बस्ने **चेङा लामु तामाङ ।** |
| **धितो सुरक्षणको विवरण :** | |
| १. | **कर्मा रेन्जेन तमाङको** नाममा मालपोत कार्यालय रसुवामा दर्ता श्रेस्ता कायम रहेको रसुवा जिल्ला, स्याफ्रु गा.वि.स./न.पा. वडा नं. ४ स्थित नक्सा सिट नं. ४ को कित्ता नं. ७६७ को ३-१-२-१ (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरूः**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००० मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय टिमुरेमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८१ साल पौष महिना २३ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८१ साल पौष महिना २८ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

**मण्डनदेउपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महादेवस्थान, काभ्रे**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८१।०९।०९)**

यस नगरपालिकाको सूचना बमोजिम यस नगरपालिका भित्र रहेका तपसिल बमोजिमको योजनाहरूको निर्माण कार्यको लागि अनलाइन मार्फत प्राप्त बोलपत्रहरूको प्राविधिक प्रस्ताव मिति २०८१/०६/२१ मा खोलिएको र प्राविधिक प्रस्ताव उतीर्ण भएका बोलपत्रहरूको आर्थिक प्रस्ताव मिति २०८१/०८/१२ गते खोलिएकोमा उक्त बोलपत्रहरूको प्राविधिक र आर्थिक प्रस्ताव मूल्यांकन गरि मूल्यांकन समितिले प्रक्रियागत रूपमा पेस गरेको प्रतिवेदन अनुसार सारभूत रूपमा प्रभावग्राही रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा निम्न उल्लेखित योजनाहरूको लागि तपसिल बमोजिम बोलपत्रदाता छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्य नं | योजनाको नाम | प्रस्तावदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| (**01**/Works/NCB/MDM/**081/82**) | Fedi Baikalpik Sipaghat Sadak | A.L is well Construction Pvt.Ltd | रू २१०२२८२३।८६ (दुई करोड दश लाख बाईस हजार आठ सय तेइस रुपैयाँ छयासी पैसा मात्र) |
| (**02**/Works/NCB/MDM/**081/82**) | Nayagau Khasre Nagarkot Sadak | G.D/Subham/Suvaramva JV | रू २२८७४६२७।०८ (दुई करोड अठ्ठाइस लाख चौहतर हजार छ सय सत्ताइस रुपैयाँ आठ पैसा मात्र) |
| (**03**/Works/NCB/MDM/**081/82**) | Fedi chandeni haldechhap Sadak | G.D/Subham/Suvaramva JV | रू २२८२८१४३।१७ (दुई करोड अठ्ठाइस लाख अठ्ठाइस हजार एक सय त्रिचालिस रुपैयाँ सत्र पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

**Government of Sudoorpaschim Province**
**Ministry of Physical Infrastructure Development**
**Water Resources and Irrigation Development Division Office**
**Mangalsen, Achham**

**Notice Of Invitation For Online Bids**

**(First Publication Date: 23rd Dec. 2024 (Paush 8, 2081))**

1. Water Resource and Irrigation Development Division office invites electronic bids from eligible bidders under NCB procedures.

| S.N. | IFB No. | Description of works | Bid validity period/ Bid security validity period, (Days) | Estimated Amount (excluding VAT & PS items), NRs. | Bid Security Amount in (NRP) | Bid Document Fee (Non-refundable) (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | WRIDDO ACHHAM/NCB/BLDG-01/2081/082 | Construction of Office Building (First and Top Floors) of WRIDDO Office-Achham | 90/120 | 1,62,84,893.47 | 5,45,000.0 | 3,000.0 |
| Dead line for purchase of Bid Document: | | 21st January, 2025 till 4:00 PM | | | | |
| Deadline for bid submission: | | 22nd January 2025, till 12:00 Noon | | | | |
| Date, time, and place of bid Opening: | | 22nd January 2025,2:00 PM, Water Resources and Irrigation Development Division Office, Mangalsen Achham | | | | |
| Date, time, and place of Pre -bid Meeting: | | 12th January 2025,1:00 PM, Water Resources and Irrigation Development Division Office , Mangalsen Achham | | | | |
| Account No. for bid document purchase: | | Name of Bank: Rastriya Banijya Bank, Achham Branch<br>Name of Office: Water Resource and Irrigation Development Division Office, Mangalsen Achham Account Number: 1000100200010000<br>Office Code No.: 3370372017 Office Account Number: Rajaswa Shirsak no.: 14229 | | | | |
| Account No. for bid security deposit: | | Account Name: Province Treasury Unit Office, Mangalsen, Achham<br>Bank Name: Rastriya Banijya Bank, Achham Branch<br>Dharauti Account Number: KHA-2-3-4260100202030000 | | | | |

2. Eligible Bidders may obtain further information at the office or visit the PPMO website www.bolpatra. gov. np/egp
3. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of the bidding document in the Rajaswa (revenue) account as defined above and the bidder shall upload the scanned copy (pdf format) of the Bank deposit voucher at the time of electronic submission of the bids.
4. If the last date of purchasing and submission falls on a Government holiday, the next working day shall be considered the last date. In such case, the Validity period of the bid security shall remain the same as prescribed for the original last date of bid submission.
5. Bidders must submit their bid electronically through the National e-GP system of PPMO's website: www.bolpatra.gov.np/egp as specified in the Instruction to Bidders.
6. The employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning reason whatsoever.

# बेरुजु फछ्र्योट गरी आर्थिक अनुशासन कायम गर्न मुख्यमन्त्री आचार्यको निर्देशन

**सरु भुसाल/मध्यान्ह**
भालुवाङ, ८ पुस

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आर्थिक अनुशासन कायम गर्न प्रदेश सरकारले बेरुजु हुनै नदिनेगरी काम गर्न मातहतका कर्मचारीलाई निर्देशन दिएका छन् । महालेखापरीक्षकको कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको समन्वयमा सोमबार राप्ती उपत्यका देउखुरीमा आयोजना गरेको लेखापरीक्षण, बेरुजु फछ्र्यौट र सम्परीक्षण सम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया तथा छलफल कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले बेरुजु फछ्र्यौटलाई पहिलो प्राथमिकतामा राखेर काम गर्न निर्देशन दिए ।

'सुरुका दिनमा बेरुजु थिएन । बीचमा बेरुजु बढेर गयो । त्यसलाई घटाउन जरुरी छ' उनले भने 'सुशासन र जवाफदेहीता कायम गर्न बेरुजुलाई शुन्यमा झार्ने सरकारले रणनीति बनाएको छ ।'

बेरुजु घटाउन कर्मचारीको कार्यसम्पादन मूल्यांकनमा बेरुजु फछ्र्यौटलाई अनिवार्य समेटनुपर्ने मुख्यमन्त्री आचार्यको भनाइ छ।



'कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनको एउटा आधार बेरुजु फछ्र्यौलाई बनाउनुपर्ने मुख्यमन्त्रीले तर्क गर्दै भने 'कर्मचारी तहबाट यसलाई चासोको रुपमा लिएर गम्भीरता पूर्वक लाग्न जरुरी छ ।'

प्रदेश सरकारले बेरुजुलाई घटाउने विषय रणनीतिक योजनाहरुमा समेटेर अघि बढाएको, कर्मचारी तहमा जारी गरेको १४ बुँदे निर्देशनले समेत सम्बोधन गरेकाले आगामी दिनमा सुधार हुने उनले विश्वास व्यक्त गरे । प्रदेश तहमा जनशक्तिको अभावलाई समाधान गर्नेगरी लोकसेवा आयोगले कर्मचारी छनोट, बढुवाको कामलाई अघि बढाएकाले कार्यसम्पादन सहज रुपमा हुनेमा उनले जोड दिए । संघीय सरकारले समानीकरणको अनुदान रकम प्रदेशमा नपठाउँदा दुई अर्ब बढीको भुक्तानीको भार प्रदेशमा थपिएको मुख्यमन्त्री आचार्यले गुनासो गरे । 'यसरी संघीय सरकारले समानीकरण अनुदान रकम नपठाउने, प्रदेशमा भार थपिने अवस्था छ । यसलाई कसरी हुन्छ सम्बोधन जरुरी छ'उनले भने बहुवर्षीय योजनाहरु सम्पन्न भएपनि संघीयको भुक्तानीमा बढी समस्या छ ।' महालेखा परीक्षक तोयम रायाले सुशासन कायम गर्ने भूमिकालाई प्रभावकारी बनाउन बेरुजु फछ्र्यौटलाई प्राथमिकतामा राख्नुपर्ने उनले दाबी गरे ।

'बेरुजु नआउने गरी यहाँहरुले काम गर्न जरुरी छ । यसका लागि बनाएका नीति नियमको अधिनमा रहेर कार्यम्पादन गर्न जरुरी छ' आचार्यले भने, 'आर्थिक अनुशासन कायम नहुँदासम्म सुशासन कायम हुन सक्दैन । यसलाई ख्याल गर्न जरुरी छ ।' प्रदेश तथा स्थानीय तहका कार्यालयहरुमा लेखापरीक्षणको काम अघि बढेको, प्रारम्भिक प्रतिवेदनको जवाफ दिँदा धेरै समस्या आफै समाधान भएर जाने भएकाले त्यसमा ध्यान दिन उनले कर्मचारीलाई आग्रह गरे ।

घोराही उपमहानगरको १६औं अधिवेशन

# रकमान्तरदेखि आर्थिक ऐन संशोधनको प्रस्ताव

**सपना बोहरा/मध्यान्ह**
दाङ, ८ पुस



घोराही उपमहानगरपालिकाको १६ औं नगरसभा सोमबारबाट सुरु भएको छ । सभामा नगरप्रमुख नरुलाल चौधरीले विभिन्न प्रस्ताव पेश गरेका छन् ।

नगरप्रमुख चौधरीले आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत केही योजना तथा कार्यक्रम संशोधन र रकमान्तर गर्ने प्रस्ताव गरेका छन् । त्यसैगरी अटोरिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानुन २०८१, प्लास्टिक जन्य वस्तु प्रतिबन्ध विधेयक २०८१, दिशाजनले लेदो व्यवस्थापन सम्बन्धी नीति २०८१, आर्थिक ऐन २०८१ संशोधन प्रस्ताव पेश गरिएको छ ।

घोराही उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ संशोधनको लागि निर्णयको आधारमा ग्रेडर भाडा दर, रोलर भाडा दर संशोधित गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

त्यसैगरी नक्सा पास गर्ने कार्यलाई प्रोत्साहित गर्न घर मूल्यांकन गर्दा नक्सा पास प्रमाणपत्र वा घर अभिलेखीकरण प्रमाणपत्र तथा प्राविधिकको स्थलगत प्रतिवेदनलाई आधार मानिने, नक्सा पास वा अभिलेखीकरण नभएको हकमा अभिलेखीकरण गरेर मात्र घरको मूल्यांकन गरिने प्रस्ताव गरिएको छ ।

नगरसभाले शैक्षिक सरुवा शुल्क दस्तुर, सहकारी संस्थाहरूको व्यवसाय कर लिँदा घोराही क्षेत्रमा सञ्चालनमा आएको नीति वा आर्थिक वर्ष २०७५-७६ लाई आधार मान्ने, नक्सा पास तथा घर अभिलेखीकरण दस्तुर अन्तर्गत हाइवे सडक घोराई तुलसीर(स)र हाइवे सडक घोराही तुलसीपुर(ख) को दर रेट फरक-फरक भएको तर परिभाषा नगरिने, जग्गा विकास कार्यक्रम तथा प्लट मिलानसेवा शुल्क सहरी क्षेत्र र ग्रामीण क्षेत्रको बारेमा प्रस्ताव गरिएको छ ।

# आरुखर्क माध्यमिक विद्यालयले मनायो स्वर्ण जयन्ती



**नुवाकोट/मस-** नुवाकोटको बेलकोटगढी- १ मा स्थित श्री आरुखर्क माध्यमिक विद्यालयले स्वर्ण जयन्ती मनाएको छ ।

विद्यालयको ५० वर्षे इतिहास र उपलब्धिलाई स्मरण गर्दै, विभिन्न सरोकारवालाले विद्यालयको शैक्षिक सुधार र भविष्यका योजनाहरूमा जोड दिएका छन् । विद्यालयका प्रधानाध्यापक सुर्दशन खतिवडाले विद्यालयले हजारौं विद्यार्थीलाई देशका विभिन्न क्षेत्रमा योगदान पुऱ्याउन सक्षम बनाएकोमा गर्व गर्दै, यसलाई नगरपालिकाको सर्वोत्कृष्ट विद्यालय बनाउन प्रतिबद्ध रहेको बताए ।

'हामीले आउने दुई वर्षभित्र यस विद्यालयलाई काठमाडौंका टप विद्यालयभन्दा उत्कृष्ट बनाउने लक्ष्य राखेका छौं' उनले भने। त्यस्तै भूतपूर्व विद्यार्थीका अध्यक्ष संकल्प ढकालले विद्यालयको सफलतामा शिक्षकहरूको भूमिकाको प्रशंसा गरे। 'हाम्रो विद्यालय यहाँसम्म आइपुग्न शिक्षकमाथिको समर्पणको ठूलो योगदान छ,' उनले भने । ढकालले विद्यालयमा थप शैक्षिक, सांस्कृतिक, र खेलकुद कार्यक्रम सञ्चालन गर्ने योजना रहेको जानकारी दिए ।

त्यस्तै बेलकोटगढी नगरपालिकाका उपनगरप्रमुख शिवप्रसाद दाहालले विद्यालयको संरचना र शैक्षिक सुधारका लागि पालिकाले निरन्तर सहयोग गरिरहेको बताए । नेपाली कांग्रेसका नेता जगदिश्वर नरसिंह केसीले विद्यालयको शैक्षिक सुधारमा राजनीतिक हस्तक्षेप रोक्न आग्रह गर्दै विद्यालयलाई शैक्षिक उत्कृष्टताका नयाँ उचाइमा पुऱ्याउन सामुदायिक सहकार्य आवश्यक रहेको बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवराज खतिवडाले स्वर्ण जयन्तीको अवसरमा सहयोग गर्ने सबैलाई धन्यवाद व्यक्त गर्दै विद्यालयको प्रगति र पारदर्शितामा प्रतिबद्ध रहने बताए । यस्तै विद्यालयका संरचना निर्माणका लागि जग्गा प्रदान गर्ने दुर्गाप्रसाद पुडासैनी र टिकाराम खतिवडालाई सम्मान गरिएको थियो ।

**UAE मा रोजगारको अवसर** — **Simpani Cleaning Services**

पुनः विज्ञापन , पुर्व स्वीकृती मितिः २०८०/०५/२४ चलानी नं.: ६०२०८९०९ LT No.: 293730

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 26 | 8 | काममा दक्ष | 800 | २९,२००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८१ पौष १६ गते (31 Dec., 2024) यस प्रा. लि. को कार्यालय गौशला, काठमाडौमा हुनेछ ।

**Apollo Menpower Services Pvt. Ltd.**
Lic. No.: 22/048/049
Pinglasthan-09, Gaushala, Kathmandu, Tel.: 01-5901748, 5901370

**Saudi मा रोजगार** — **Construction Network Contracting Company**

पुर्व स्वीकृती मितिः २०८१/०९/०८ चलानी नं.६०२३०१२१ LT No.: 315490

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Drilling Machine Labor | 20 | काममा दक्ष | 1000 | ३६,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८१ पौष १६ गते (31 Dec., 2024) यस प्रा. लि. को कार्यालय उत्तरढोका, काठमाडौमा हुनेछ ।

**Takura Overseas Pvt. Ltd.**
Govt. Lic. No. : 1538/078/079
Uttardhoka, Lazimpat-02, Kathmandu, Tel : 01-4529674, 4529675
Mob.No: 9802325537, Email: sd.takuraoverseas@gmail.com

## पाँचखपन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

### खरिद प्रकृया रद्ध गरिएको सूचना

**प्रकाशित मितिः २०८१/०९/०९**

यस कार्यालयको मिति 02/09/2081 मा मध्यानह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित देहायको सिलबन्दी दरभाउपत्रको सूचनाको खरिद प्रक्रियामा प्राविधिक त्रुटी फेला परेको हुँदा यस कार्यालयको मिति 08/09/2081 को निर्णय बमोजिम उल्लिखित खरिद प्रक्रिया रद्द गरिएको बेहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. स. | ठेक्का नं. | योजनाको/कार्यक्रमको विवरण |
|---|---|---|
| 1. | PMW/SQ/Goods/01/081/082 | Hiring a Firm for Skills Development Training |

**प्रमुख प्रशासकीय अधिकृत**

## भगवतीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
वेस्तडा, दैलेख
कर्णाली प्रदेश, नेपाल

### शिलवन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०९/०९)**

भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दैलेख यस गाउँपालिका अन्तर्गत देहायका आयोजना सञ्चालन गर्नु पर्ने भएकोले ई-बिड मार्फत रितपूर्वकको शिलवन्दी बोलपत्र आह्वान गर्दछ।

| ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट, पि.एस. र कन्टीन्जेन्सी बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | जमानत र कम रु. |
|---|---|---|---|---|
| BRM/Amb/NCB/ 02/2081/082` | एम्बुलेन्स खरिद तथा सप्लाई कार्य | २२,००,०००.०० | ३,०००.० | ५५,०००.० |
| BRM/Goods/NCB/ 02/2081/082` | प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमको लागि निर्माण सामग्री खरिद कार्य | ४४,०५,४८९.८३ | ३,०००.० | १,२४,०००.० |

**बोलपत्र पेश गर्ने, खोलिने अन्तिम म्याद र बोलपत्र जमानतः**

| बोलपत्र पेश गर्ने अन्तिम मिति | | बोलपत्र खोलिने मिति | | बोलपत्र फाराम खरिदको लागि बैंक खाता | | | बोलपत्र जमानत दाखिला गर्ने बैंक खाता | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | समय | मिति | समय | खाताको नाम | खाता नम्बर | बैंक र शाखा | खाताको नाम | खाता नम्बर | बैंक र शाखा |
| २०८१/१०/१० गते | १२:०० बजे भित्र | २०८१/१०/१० गते | २:०० बजे | Ga:1.1 Bhagawatimai Ga.Pa. Antarick Rajashwo Khata | 15101093 28800091 | प्रभू बैंक भगवतीमाई शाखा | Ga:3 Bhagawatimai Ga.Pa. Sthaniya Taha Dharauti Khata | 15101093 28800041 | प्रभू बैंक भगवतीमाई शाखा |

थप जानकारीको लागि मोवाईल नं. ९८५८०२०८९९/९८५८०२०७९९ सम्पर्क राख्नुहोला। विस्तृत सूचनाको लागि भगवतीमाई गाउँपालिकाको कार्यालय दैलेखको वेवसाइट www.bhagawatimaimun.gov.np वा खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मितिः २०८१/०९/०९**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सिमलचौर पोखरा, कास्कीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीलाई मिति बि.स.२०८१/०४/११ गतेको 'नागरिक' राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋण कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धमा ३५ (पैंतीस)दिने सार्वजनिक सूचना र,मिति वि.सं. २०८१/०८/०९ को "नागरिक"राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र)दिने सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ, जे, जस्तो अवस्थामा छ सोही अवस्थामा लिलामबिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय वालिङ, स्याङ्जा, मा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहितत पसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीगर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुलउपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**१. कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा र सिटिजन्स मोर्टगेज लोन- अधिविकर्ष कर्जा**

**ऋणीहरुको नाम र ठेगाना**

| | १. | | २. |
|---|---|---|---|
| नाम | : गणेश राउत | नाम | : धन कुमारी राउत |
| बाबु | : पदम बहादुर राउत | बाबु | : हुम बहादुर खड्का |
| बाजे | : ज्ञान बहादुर क्षेत्री | ससुरा | : नेत्र बहादुर राउत |
| | | पति | : जित बहादुर राउत |
| स्थायी ठेगाना | : वालिङ गा.वि.स.-८, स्याङ्जा | स्थायी ठेगाना | : धनुवासे गा.वि.स.-१, स्याङ्जा |
| हाल | : वालिङ न.पा वडा नं.-१, स्याङ्जा | हाल | : वालिङ न.पा वडा नं.-१, स्याङ्जा |
| ना.प्र.नं. | : ६५३८ | ना.प्र.नं. | : ६५०२ |
| जारी मिति | : २०५९/०१/२७ | जारी मिति | : २०४४/१२/२५ |
| जि.प्र.का. | : स्याङ्जा | जि.प्र.का. | : स्याङ्जा |

**जमानीकर्ताहरुको नाम र ठेगाना**

| | १. | | २. |
|---|---|---|---|
| नाम | : पदम्बहादुर क्षेत्री | नाम | : कविता राउत |
| बाबु | : ज्ञान बहादुर क्षेत्री | बाबु | : जित बहादुर राउत |
| बाजे | : नर बहादुर क्षेत्री | बाजे | : नेत्र बहादुर क्षेत्री |
| स्थायी ठेगाना | : धनुवासे गा.वि.स.-१, स्याङ्जा | स्थायी ठेगाना | : वालिङ गा.वि.स.-८, स्याङ्जा |
| हाल | : वालिङ न.पा वडा नं.-१, स्याङ्जा | हाल | : वालिङ न.पा वडा नं.-१, स्याङ्जा |
| ना.प्र.नं. | : ६४७ | ना.प्र.नं. | : ४२२०४१/३६९९५ |
| जारी मिति | : २०४५/०२/०७ | जारी मिति | : २०६६/०३/११ |
| जि.प्र.का. | : स्याङ्जा | जि.प्र.का. | : स्याङ्जा |

**माथि उल्लेखित ऋणीहरु गणेश राउत र धन कुमारी राउतले लिएको ऋणकर्जाहरुको लागि धितो राखिएको सम्पतिको विवरण**
**धितो सुरक्षण धनीको नाम : स्व. लक्ष्मीमा कुमारी राउत क्षेत्री र श्रीमती धन कुमारी राउत ।**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (रोपनी) | कैफियत |
|---|---|---|---|---|---|
| स्याङ्जा | बराह कालीका | १ | २१५ | १-१३-२-२ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
